# जिल्ला वन पैदावार आपूर्ति समिति बाराको
# बार्षिक कार्ययोजना तथा संचालन कार्यविधि ०७२।७३

## १. प्रस्तावना

बन ऐन २०४९, तथा नियमावली, २०५१ को परिच्छेद २ नियम ९ को काठ दाउरा बिक्रि बितरण सम्बन्धी ब्यवस्था बमोजिम नेपाल सरकार, बन तथा भूसंरक्षण मन्त्रालयबाट सर्बसाधारण जनताको हित लाई ध्यानमा राखी सर्बसुलभ तरिकाबाट काठ दाउराको बिक्रि बितरण तथा आपूर्ति गर्न नेपाल राजपत्रमा सुचना प्रकाशित गरी जिल्ला वन पैदाबार आपूर्ति समितिको गठन गर्न सक्ने कानूनी ब्यवस्था गरेकोछ । सो ब्यवस्थाको आधारमा बन तथा भूसंरक्षण मन्त्रालयबाट मिति ०५६/५/२१ मा नेपाल राजपत्रमा सूचना जारीगरी जिल्ला वन पैदाबार आपूर्ति समितिको गठन गर्न सक्ने प्रावधानबारे सुचना प्रकाशित गरेको तथा सोही सूचना वमोजिम मिति २०५६/७/८ मा पुनः राजपत्रमा सूचना जारी गरी सर्वसाधरण जनताको हितलाई ध्यानमा राखी सर्बसुलभ तरिकाबाट काठ/दाउरा विक्री वितरण गर्न तराई तथा भित्री मद्येशका २४ जिल्लामा स्थानीय स्तरमा सबै ब्यवस्थापन गर्नेगरी आपूर्ति समितिको गठन गरिएको छ ।

जिल्लाको स्थानीय जनतालाई आवश्यक पर्ने घर निर्माण, मर्मत संभार, कृषि औजार, दैवीप्रकोप तथा जनसहभागिता द्धारा संचालन गरिने विकास निर्माण कार्य लगायतका कामको लागि आवश्यक पर्ने काठ तथा दाउराको आवश्यकता जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत सरल र सर्वसुलभ ढंगले पारदर्शी तबरबाट परिपूर्ति गर्न र काठ दाउराको तोकिएको बिक्री वितरणको उचित व्यवस्था मिलाउनु पर्ने भएकाले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी मिति २०६३/९/२६ मा जिल्ला वन पैदाबार आपूर्ति समिति संचालनको (कार्यबिधि) निर्देशिका २०६३ लागु गरिएको देखिन्छ । सोही आधारमा बारा जिल्लामा समेत जिल्ला वन पैदाबार आपूर्ति समितिको पुर्नसंरचना भई सोही बेला देखि संचालन हुँदै आईरहेको छ ।

यो कार्य योजनामा प्रस्ताब गरिएका बिषयबस्तु समितिको बोर्ड बैठकबाट अनुमोदन भएपछि आपूर्ति समितिको निर्देशिका २०६३ अनुसार वन विभागमा स्वीकृतिको लागि पठाईने छ । आपूर्ति समितिको मुख्य उदेश्य सहज तरिकाबाट जनतालाई काठ दाउरा दिनुपर्ने भएकोले पुरानो स्टकको काठ/दाउरा स्थानीय जनताको माँग र आवश्यकता पहिचान गरी प्राथमिकताक्रमको आधारमा विक्रि वितरण गर्ने कार्य सुरु हुनेछ तथा यस आ.ब.मा जि.ब.का.बाट प्राप्त हुने काठ दाउराको हकमा बन बिभागबाट कार्य योजना स्वीकृत भएर प्राप्त भए पछि मात्र प्रचलित कानून बमोजिम बोर्ड बैठकको निर्णय अनुसार थप बिक्रि बितरण कार्य गरिने छ ।

## २. जिल्लाको सामान्य परिचय

बारा जिल्ला मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतको नारायणी अंचलमा पर्दछ । यस जिल्लामा हाल सम्म वन जंगल प्रचुर मात्रामा रहेको छ । यस जिल्लाको दक्षिणी भेगमा सिम्रौनगढ, रानिवास, झरोखर पोखरी, विश्व प्रसिद्ध गढीमाई मन्दिर, वरेवा दरवार, श्रीसहजनाथ बाबा महादेव मन्दिर जस्ता धार्मिक तथा पुरातात्विक महत्वका गढ तथा दुर्गहरु अवस्थित रहेका छन् भन्ने चारकोसे झाडीमा रहेको हलखोरिया दहले पूराना सम्पदाको महत्वलाई अंगालेको पाईन्छ । यस जिल्लाको पूर्वमा धनेसर खोला ( निजगढ) नगरपालिका, पश्चिममा त्रिभुवन राजपथ, उत्तरमा मकवानपुर जिल्ला (चुरेको पानी ढलो) तथा दक्षिणमा भारत सँग जोडिएको दश गजा सिमाना पर्दछ ।

# ३. भौगोलिक अवस्था

बारा जिल्ला भौगोलिक रुपमा ८४ डिग्री ५१ मिनेट देखि ८५ डिग्री १६ मिनेट पुवी देशान्तर र २६ डिग्री ५१ देखि २७ डिग्री ०२ मिनेट उत्तरी अक्षाँशमा पर्दछ । यस जिल्लाको पूर्बमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुरको चुरेपर्वत श्रृडखला तथा दक्षिणमा भारतको सिमानासंग जोडिएकोछ । जिल्लाको कूल वनक्षेत्र ४७,१८२ हेक्टर रहेकोमा १५,९९१ हेक्टर पर्सा वन्यजन्तु आरक्ष क्षेत्रको बिस्तारमा परेकोले ३१,१९१ हेक्टर मात्र वनक्षेत्र बाँकी रहेको देखिन्छ । यस जिल्लामा ६ वटा निर्वाचन क्षेत्र १५ ईलाका (जि.वि.स.), ६७ गा.वि.स.र ६ वटा नगरपालिका रहेको छ । समुद्र सतह देखि यस जिल्लाको उचाई १५२ मिटर देखि ९१५ मिटर सम्म पर्दछ । यस जिल्लामा उष्ण (Tropical) देखि उपोष्ण (Sub-Tropical_किसिमको हावापानी पाईन्छ । यहाँ वार्षिक वर्षा औषतमा १७६० मि.लि. सम्म हुन्छ भन्ने अधिकत्म तापक्रम ३८.३ डिग्री देखि न्युन्तम तापक्रम १८ देखि २० डिग्री सेलसियस रहेको रेकर्ड पाईन्छ ।

# ३.१ भु-उपयोगीता

- जिल्लाको कुल क्षेत्रफल : १,२९,५६३ हे. मध्ये अन्य क्षेत्रहरु निम्न अनुसार रहेको छ ।
- कृषि क्षेत्रको क्षेत्रफल ६९,५१६ हेक्टर ( कुल क्षेत्रको ५३.६५%)
- वनको कुल क्षेत्रफल : ४७,१८२ हेक्टर आरक्ष सहितको (कुल क्षेत्रको ३६.३७ %)
- पर्सा वन्यजन्तु आरक्षको थप १२८३८.६८ हे गरी कूल १५,९९१ हेक्टर (कुल बनक्षेत्रको ३३.९० %)

***आरक्ष बाहेक बाँकी रहेको जम्मा वनक्षेत्र ३१,१९१ हेक्टर (६६.१० प्रतिशत)***

- सो मध्ये चुरेको क्षेत्रफल १२०८२ हेक्टर
- अतिक्रमित क्षेत्र : अन्दाजी ३००० हेक्टर (९.६१ % ) ११९४ हे. मात्र तथ्याँक रहेको
- सामुदायिक वनको क्षेत्रफल ९०८८.३९ हेक्टर
- साझेदारी वन क्षेत्रफल ७५७४.०७ हेक्टर
- झाडीदार बनक्षेत्र १९८४ हेक्टर (१.५३% फडानी भएको)
- वलौटे क्षेत्रफल: ५२१४ हेक्टर (नदि उकास ४.०२ %)
- Built up Area: १२५७ हेक्टर (बिकसित क्षेत्र १.०% भन्दा बढी)
- Orchard / Nursery: १७११ हेक्टर (१.३% )
- चरण क्षेत्र: १३६४ हेक्टर (१.०५ %)
- Others: १२९६ हेक्टर (१.० % )

- प्रस्तावित निजगढ अर्न्तराष्ट्रिय एयरपोर्टको लागी बकैया खोला देखि पश्चिम र पसाहा खाला देखि पूर्ब, राजमार्ग देखि दक्षिणको क्षेत्रमा लगभग ८१०० हे. बनक्षेत्र निजगढ अर्न्तराष्ट्रिय एयरपोर्ट निर्माणको लागि उपलब्ध गराउन मन्त्रि परिषदको निर्णय भई सकेकोले सो क्षेत्रपनि घटने छ ।

जिल्लाको अधिकाँश भू-भाग समथर रहेको तथा समष्टिगत रुपमा उष्ण जलवायू भएको पाईन्छ । जिल्लामा कृषि उत्पादन अन्य जिल्लाको तुलनामा बढी हुने गरेको तथा पशुपालन, माछापालन, तरकारी खेतीमा समेतमायो जिल्ला अग्रनी स्थान आगेटको छ । यहाँको वन जंगलमा कडा प्रजातिका रुखहरमा साल, असना, शतिसाल, कर्माका रुखहरु पाईन्छ भन्ने नरम प्रजातिमा सिमल, भुडकुल, बोटधंगेरो जस्ता रुखहरु रहेका छन ।

यस जिल्लाको बन जंगलमा परम्परागत रुपमा पाईने सिमल, शतिसाल, अमला जस्ता बोट बिरुवा लोपन्मुख अवस्थामा रहेको छ साथै जिल्लामा रहेका साना ठूला मुख्य नदीहरुमा दुधौरा, वंगरी, पसाह, प्रगना, जमुनि, अरुवा जस्ता खोलाहरु उत्तरी भेगवाट दक्षिणी भेग तर्फ बग्ने गरेको छ । जिल्लाको दक्षिणी भागमा रहेको गण्डक नहरमा खडेरीको बेलामा पर्याप्त मात्रामा पानी उपलब्ध नहुने गरेकोले किसानलाई खासै फायदा पुगेको छैन । जिल्लामा रहेका नदिहरुवाट पम्पसेटको सहयोगबाट कृषि जमिनमा सिचाई सुविधा प्राप्तहुने गरेकोले केहि टेवा पुगेको देखिन्छ ।

## ३.२ सामुदायिक बनको अवस्था

- सामुदायिक वन उपभोक्त समूहको संख्या : ४० वटा
- सामुदायिक वन हस्तान्तरण :- गत आ.ब.मा ३८ वटा
- हाल सम्मको हस्तान्तरित सामुदायिक वन जम्मा :- रा.वन ३८ तथा  ऐलानि क्षेत्र २ समेत ४०
- हाल सम्मको हस्तान्तरित सामुदाकि वन क्षेत्र:- ९०८८.३९
- नविकरण गर्न वांकी सामुदायिक वन :- ३० गोटा
- सामुदायिक वनवाट लाभान्वित घरधुरी संख्या :  १०,१८० परिबार
- कुल लाभान्वित जनसंख्या :- जम्मा ४३,०१३  जना

## ३.३ साझेदारी वनको अवस्था

- साझेदारी वन संख्या : ४, गोटाको कूल क्षेक्रफल:  ७,५७४.०७ हेक्टर
- लाभान्वित गा.वि.स. : ६७ गा.वि.स. र ६ नगरपालिका ।

# ४. सामाजिक अबस्था

## ४.१ जनसंख्या

२०६८ सालको जनगणना अनुसार जम्मा यस जिल्लाको कूल जनसंख्या ६,८७,७०८ रहेको छ भन्ने कूल परिवार संख्या १,०८,६३५ रहेको देखिन्छ । जिल्लाको कुल जनसंख्या मध्ये पुरुष ३,५१,२४४र महिला ३,३६,४६४ रहेका छन । जसमा लिङ्ग अनुपात १:0४ (म.पु.) रहेको छ तथा परिवारको औषत सदस्य संख्या ६.३३ भएको तथा जनसंख्याको वार्षिक वृद्धि २.९३% रहेको पाईन्छ । यस जिल्लाको वन जंगलमा साल, असना, जामुन, कर्मा, जंगली सिसौ, शतिसाल, वांझी बोटधगेरो, सिन्दुरे जातिका रुखहरु पाईन्छ । जिल्लाको पूर्वी तथा उत्तरी भेगमा बसोवास गर्ने निजगढ, रतनपुरी, भरतगंज, सिगौल, लाल, कोलगाउँ, नयाँवस्ती, चकरी, अमलेखगंज, पथलैया, सिमरा लगायतका क्षेत्रमा बसोवासगर्ने जनताहरु सामुदायिक वन कार्यकममा आवद्ध भई उपभोक्ता समुह मार्फत काठ दाउरा उपभोग गरी रहेका छन् ।

वनक्षेत्रको सिमानासंग जोडिएर रहेका गाउँवस्ती लगायत दशगजाको सिमानासम्म बसोवासगर्ने सर्वसधारण जनतालाई काठ दाउराको आवश्यकता साझेदारी वन समिति मार्फत परिपूर्ती गर्न हलखोरिया साझेदारी वन, सहजनाथ साझेदारी वन, तामागढी साझेदारी वन तथा गढीमाई साझेदारी वन मार्फत केहि हदसम्म आवश्यकता परिपूर्ती हुने गरेकोछ । काठ दाउराको माँग अत्यधिक रहेको टि.सि.एन तथा आपूर्ति समिति मार्फत आपूर्ती तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ । खास गरी जिल्लाको दक्षिणी भेगमा बासोवास गर्ने जनताहरु अधिकांशत: वन पैदावारको उपलव्धतावाट वँचित रहने गरेको देखिएकोले आपूर्ति समिति लगायत वन श्रोतमा आधारित साझेदारी वनवाट समेत डिपो व्यस्थापन गरी सुलभ तवरवाट काठ दाउराको आवश्यकता परीपूर्ती गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ४.२ नया स्थापित नगरपालिका

गत विगतमा गा.वि.स.रही हाल नेपाल सरकार मन्त्रीपरिषदको निर्णयअनुसार जम्मा ३१ गा.बि.स हरु नगरपालिकामा परिबर्तित भएका छन । न.पा.क्षेत्र कायम गरिएका देहाय वमोजिमका ३१ गा.वि.स. हरुमा अब उप्रान्त नक्सा पास नगरी गराई काठ दिन नमिल्ने भएकोले नक्सा पासलाई मुख्य आधार मानी बिकि वितरण गरिनेछ ।

**तालिका- १**

| सि.न. | नगपालिकाको नाम | समाबेश भएका गा.बि.स.हरु | कैफियत |
|---|---|---|---|
| १ | कलैया नगरपालिका | **कलैया,** बैरिया, बरेवा, भबानीपुर, बिशम्भरपुर ४,५,७,८, भतौडा १,२,३, बघबन १,२,३,४ रामपुरखेप १,२,३,४,५,६, ६ क, ६ ख ब्रम्हपुरी ४,=**९ गा.बि.स.हरु** | |
| २. | गढीमाइ नगरपालिका | छाता पिपरा, भवानीपुर **जीतपुर,** फतेपुर, डुमरवाना, पिपरा सिमरा =**५ गा.बि.स.हरु** | |
| ३ | कोल्हबी नगरपालिका | **कोल्हवी,** परसौना, ककडी, सपही समेत =**४ गा.बि.स.हरु** | |
| ४ | निजगढ नगरपालिका | **निजगढ**, रतनपुरी, भरतगंज सिगौल =**३ गा.बि.स.हरु** | |
| ५. | महागढीमाई न.पालिका | बरियारपुर, **पथरहटी,** तेलकुआ, दहियार, **गंजभवानीपुर,** बबुआईन =**६ गा.बि.स.हरु** | |
| ६. | सिम्रौनगढ नगरपालिका | हरिहरपुर, अमृतगंज, गोलागंज, उचीडिह, =**४ गा.बि.स.हरु** | |

## ५. कार्ययोजनाको औचित्य

जिल्ला बन पैदाबार आपूर्ति समितिको (कार्यबिधि) निर्देशिका २०६३ अनुसार यस जिल्लामा आपूर्ति समितिको गठन तथा संचालन भए पनि विगतमा यस समितिले पाउनु पर्ने काठ दाउराको मुख्य श्रोतनै राष्ट्रिय वनक्षेत्र रहेकोछ । आपूर्ति समिति बाराले गत विगत आ.व.हरुमा गरेको काठ दाउराको विक्रि वितरणको रेकर्ड अध्ययनगरी हेर्दा काठ दाउराको मागको चाँप दिनानुदिन बढदै गएको देखिन्छ । जिल्लामा सर्बसाधारण जनताको आयआर्जनमा आएको परिबर्तन, छिमेकी जिल्लाबाट भएको बसाई सराई तथा औधोगिकरणको कारण काठको माँगमा बृद्धि भएको तर आपूर्ति थोरै मात्रामा गर्न सकिएको छ । काठ दाउराको बढी माँग सहर केन्द्रित रहदैं आएको छ । काठ दाउराको वजार भाउ दिनानुदिन बढदै गएको छ भन्ने आपूर्ति समितिवाट सरल, सुलभ र कम दररेटमा काठ दाउरा उपलव्ध गराउँने गरेकोले जनताको घरकाजको नाममा उपयोग गर्ने काठको व्यवसायीकरण भईरहेको छनक् समेत पाईन्छ । यसले गर्दा वास्तविक घरकाज, विकास निमार्णमा काठ दाउराको सही सदुपयोगको पहुँच पछाडी पर्न गई समाजका टाठावाठा तथा सहर केन्द्रित व्यक्तिहरु बढी लाभ लिने गरेको देखिन्छ । यस्तो प्रवृतिलाई नियन्त्रण र निरुत्साहीत गर्न स्थलगत अनुगमनको कार्यलाई थप चुस्त तथा क्रियाशिल गराउनु पर्ने आवश्यकता रहेको देखिन्छ । विगतका अनुभवलाई दृष्टिगत गर्दा एका तर्फ काठ दाउराको मूल्य निर्धारण प्रचलित वजार भाउ संग तालमेल हुने गरी तोकनु पर्ने वेला आएको छ भन्ने अर्को तर्फ घरकाज, विकास निर्माणको लागी चिरान काठ उपल्वध गराउँदा यसको प्रक्रियामा वढी समय तथा श्रम लाग्ने भएपनि आपूर्ति समितिको हकमा योकार्य नाफामुलक रहेकोले यस आ.ब.मा समेत काठ चिरानी गरि बिकि बितरण गरीने कार्यलाई निरन्तरता दिई कार्य संचालन गरिने छ ।

गत आ.व. २०७१/०७२ मा समितिलाई प्राप्त भई चिरानी भएका काठ ग्रेडिङ्ग गरी चिरान काठको दर टि.सि.एन.संग मेल खानेगरी वजारभाउको आधारमा मूल्य निर्धारण गरी विक्रि वितरण गर्नुपर्ने नितान्त जरुरी रहेकोछ भन्ने उप्रान्त माँगको आधारमा घरकाज तथा विकास निर्माण प्रयोजनको लागि जिल्ला वन कार्यालय मार्फत प्राप्त हुने, सामुदायिक बन तथा साझेदारी बनको काठ पनि नियमानुसार चिरानी गराई विक्रि वितरण गर्दा सहज, सुलभ, पारदर्शी, एवंम बढी नाफामुलक हुने विगत दुई वर्षका चिरान काठको विक्रि वितरणको अनुभवले स्पष्ट देखाएको छ । सोही अनुभवको आधारमा सर्वसधारणको जनताको हितलाई ध्यानमा राखि घरकाज तथा विकास निर्माण प्रयोजनको लागि चिरान तथा दैबी प्रकोपमा गोलिया काठ विक्रि वितरणगर्न वान्छनीय देखिएकोले सोही भावना अनुसार चालू आ.व.को कार्यक्रममा दुवै प्रकृयावाट काठ विक्रि गरिने योजना तर्जुमा गरिएको छ ।

नेपाल सरकार, व्यवस्थापिका संसद, प्राकृतिक श्रोत तथा साधन समितिको बनसम्पदा अध्ययन प्रतिबेदन २०६७ ले दिएको निर्देशन तथा उच्चस्तरीय बनक्षेत्र सुधार आयोग २०६७बाट नेपाल सरकारलाई प्राप्त निर्देशन कार्यान्बयनगर्ने सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सामुदायिक वनको वन पैदाबार बिक्री बितरण व्यवस्थित गर्ने गरी मिति ०६८।९।२१ मा वन तथा भू-संरक्षण मन्त्रालयको नाममा नौ बुंदे निर्देशन जारीभई श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनहरु कार्यान्वयनगर्ने सिलसिलामा वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर)को मिति ०६८।११।१८ मा भएको निर्णयअनुसार सो निर्णयको ३ (ज) अनुसार सामुदायिक वनबाट सकलनभई बाहिर बिक्री गर्ने परिमाणको आधारमा काठको हकमा २५% तथा दाउरा ४०% जिल्ला भित्रका तथा छिमेकी जिल्लाका उपभोक्ता समेतको लागि छुटयाउनु पर्ने र सोकाठ तथा दाउराको मूल्य तथा संकलन खर्चको रकम प्रचलित कानून बमोजिम उपभोक्ता समूह लाई नियमानुसार बुझाई जिल्ला बन पैदाबार आपूर्ति समितिले काठ दाउराको सुरक्षित स्थान अर्थात बिकि डिपोमा नियमानुसार घाटगदीगर्ने निर्देशनात्मक व्यवस्था गरेकोछ । सामुदायिक वनबाट संकलन भई घाटगद्धीमा रहेका सामुदायिक वनको काठ दाउराहरुको स्टकवाट आपूर्ति समितिको भागमा प्राप्त भएको काठ दाउरा स्थानीय जनतामा विक्रि वितरण हुदैं आएको छ ।

## ६. आपूर्ति समितिको उदेश्य

वन नियमावली २०५१ र जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका २०६३ को अधिनमा रही स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्ला भित्रका जन्ताहरुलाई सरल सुलभ तरिकाले काठ दाउरा उपलब्ध गराउनु समितिको मूल उदेश्य रहेको छ । अन्य उदेश्य देहाय वमोजिम रहेका छन् ।

- जिल्लामा बसोवासगर्ने सर्वसधारण जनतालाई घरकाज, जनश्रमदानवाट गरिने स्थानीय विकास निर्माण, दैवी प्रकोपमा परेका जनताको लागी सहुलियत दरमा काठ उपल्वध गराउनु ।
- दाहसंस्कार, घरकाज र धार्मिक कार्यको लागी सबैको पहुच पुग्ने गरी दाउरा उपलब्ध गराउनु ।
- उल्लेखित प्राबधानको कार्यान्वयनगरी चोरी निकासी जस्तो गैरकानुनी गतिविधि निरुतसाहित गर्ने
- बन जंगलको संरक्षणमा प्रत्यक्ष तथा परोक्ष रुपमा आर्थिक तथा प्राबिधिक टेवा पुऱ्याउने ।
- प्राप्त श्रोत साधनहरुको समुचित परिचालनगरी जि.व.का.को सहयोगीको भूमिका निर्वाह गर्नु ।
- भौगोलिक कारणले वन श्रोतको पहुच नपुगेका सामुदायिक वनमा आवद्ध नरहेका तथा मध्यवर्ती क्षेभ भित्र नपरेका सामुदायहरुको काठ दाउराको आवश्यकता पूरा गर्ने ।
- वन पैदावारमा आत्मनिर्भर बनाउदैं लैजानको लागी निजि वन विकास गर्न बिरुवा उत्पादन, वितरण कार्यलाई प्रोत्साहीत गर्दै लैजाने ।

- वनक्षेत्रमा खाली रहेका भू-भाग तथा अतिक्रमण क्षेत्रमा वृक्षारोपन कार्यको लागी जिल्ला वन कार्यालय लाई सहयोग पुऱ्याउन ।
- आपूर्ति समितिको बारेमा सत्य तथ्य बिवरण प्रकाशन तथा प्रचार प्रसार गर्ने ।

## ७. कार्ययोजना तयारीका चरणहरु

### ७.१ कार्यविधिको नाम

यस आपूर्ति समितिले जिल्लाको राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वनवाट संकलित भई जिल्ला वन कार्यालय बाराले उपल्वध गराएको काठ दाउरा स्थानीय सर्वसाधारण जनताको माँग अनुसार घरकाज, जनसहभागीता द्धारा सम्पादन गरिने विकास निर्माणकार्य, दैवीप्रकोप, कृषिऔजारका लागी प्रयाग हुने वन पैदावार पारर्दशी एवंम सरल सुलभ तवरवाट विक्रि वितरणको व्यवस्था मिलाउन उदेश्य पुरा गर्नको लागी नियमानुसार खरिद वा संकलनगरी विक्रि वितरण गर्न यस कार्यविधिको नाम जिल्ला वन पैदावार आपूर्ति समिति बाराको वार्षिक कार्ययोजना तथा संचालन कार्यविधि ०७२/७३ रहनेछ ।

### ७.२ कार्यविधि किन

यस आपूर्ति समितिले यस जिल्ला भित्रका कायम मध्यवर्ति क्षेत्रबाट काठ दाउरा प्राप्त गरेका उपभोक्तहरु बाहेक पर्सा वन्यजन्तु आरक्षको उपभोक्ताहरु, तथा प्रस्तावनामा उल्लेखित छिमेकी जिल्लामा वसोवासगर्ने जनताहरु समेतको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति ०६८।९।२१को निर्देशन कार्यान्बयनगरी सर्व-साधरण जनतालाई आवश्यकपर्ने काठ/दाउराको आपूर्ति सरल, सर्वसुलभ तथा पारदर्शी बितरण प्रणाली वनाउनको लागि यो बार्षिक कार्ययोजना तथा संचालन कार्यबिधि आ.ब. ०७२/७३ मा कार्यान्बयन गर्नको लागि तयार गरिएको छ ।

### ७.३ कसरी गर्ने

यस आपूर्ति समितिको बार्षिक कार्ययोजना तथा संचालन कार्यबिधि ०७२/७३ मा उल्लेखित भएका कार्यहरु कार्ययोजनामा उल्लेख भए वमोजिम कार्यान्वयन गरिनेछ । यस समितिको कार्य सम्पादन गर्दा कुनै बाधा ब्यवधान उत्पन्न भएमा आपूर्ति समितिको अध्यक्षको पहलमा बोर्ड वैठकको निर्णय द्धारा समस्या समाधान गरी बाधा अडकाउ फुकालिने छ । स्वीकृत कार्ययोजना भन्दा बढी काठ दाउरा जि.व.का.मार्फत प्राप्त भई विक्रि वितरण गर्नु परेमा अथवा स्वीकृत वजेट कार्यक्रम भन्दा बढी रकम स्वीकृत कार्यक्रममा खर्चगर्ने अवस्था आएमा वा तोकिएको परिमाण भन्दा बढी लिलाम बिक्रि बिषयमा वा समितिको अन्य निर्णयको हकमा बिभागीय समर्थन गराउनेगरी बोर्ड बैठकको निर्णयअनुसार कार्यान्बयन गरिनेछ ।

### ७.४ कहां गर्ने

यस आपूर्ति समितिको बार्षिक कार्ययोजना तथा संचालन कार्यविधि ०७२/७३ को कार्यक्षेत्र यस जिल्लाका बिभिन्न ६७ बटा गा.बि.स. र ६ बटा नगरपालिकाको क्षेत्र तथा यस जिल्लाको सिमानासंग जोडिएका छिमेकी जिल्लाको गा.वि.स./न.पा.हरु समेत हुनेछन ।

### ७.५ कहिले गर्ने

यस आपूर्ति समितिको बार्षिक कार्ययोजना तथा संचालन कार्यविधिमा उल्लेख भए वमोजिमको दैनिक प्रसाशनिक कार्य वाहेकका अन्य कृयाकलापहरु यस आ.व ०७२/७३ मा आपूर्ति समितिको कार्य योजना बोर्ड बैठकबाट पारित भएपछि वन विभागवाट स्वीकृत गराई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

यो कार्ययोजना बन बिभागबाट स्वीकृत नभए सम्म समितिको काठ दाउराको संरक्षण, व्यवस्थापन, बिक्री बितरण तथा दैनिक प्रसाशनिक कामकाज २०७२ श्रावण देखिनै संचालन गरिने हुँदा बोर्ड बैठकबाट कार्य योजना पारित भए पछि समितिले सम्पादन गरेका सबै कामहरुको स्वत: अनुमोदन भएको मानिनेछ ।

## ७.६ कसले गर्ने

यस आपूर्ति समितिको बार्षिक कार्ययोजना र संचाालन कार्यबिधि ०७२/७३ मा उल्लेख भएअनुसार जिल्ला वन पैदावार आपूर्ति समितिले आफ्नो कोषवाट राखेका कर्मचारी, जिल्ला बन कार्यालय तथा मातहतका सेक्टर वन कार्यालय, ईलाका बन कार्यालयका कर्मचारीहरुको सहयोग लिई बिगत जस्तै नियमित रुपमा प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

## ७.७ कार्य संचालन हुने स्थान

यस आपूर्ति समितिको कार्ययोजना तथा संचालन कार्यविधि ०७२/७३ मा उल्लेख भएवमोजिम काठ दाउराको बिक्री बितरण गर्नको लागि समितिको मुख्य कार्यालय जिल्ला वन कार्यालय, बारा सिमरा र बिक्री डिपो पथलैया तथा सदरमुकाम कलैया नगर पालिकामा समेत राखिने व्यवस्था मिलाईनेछ । आवश्यक परेको खण्डमा पूरानो डिपोलाई साझेदार निकायको सहयोगमा निरन्तरता दिन सकिने छ । काठ दाउरा विक्रि पश्चात उक्त अस्थायी डिपोहरु स्वत खारेज हुनेछन् ।

## ७.८ समितिका पदाधिकारीहरु

यो आपूर्ति समिति वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग अन्तर्गतको एक अर्ध स्वशासित संस्था रहेको छ । वन नियमावली २०५१ को नियम ९ (१) अनुसार जिल्ला वन पैदावर आपूर्ति समितिमा देहाय अनुसारका तालिका २ बमोजिमका पदाधिकारीहरु रहेको समिति (बोर्ड) रहने व्यवस्था गरेको छ । आपूर्ति समितिमा रहेका पदेन सदस्यको व्यवस्था तोकिएका नेपाल सरकारको बहालबाला कर्मचारीहरुबाट हुनेछ भने मनोनित सदस्यको हकमा बन तथा भूसंरक्षण मन्त्रालयबाट तोकिएका व्यक्तिले मात्र प्रतिनिधित्व गर्नेछन । यस समितिको बोर्ड बैठकले प्रत्येक आर्थिक वर्षमा काठ दाउरा संकलन तथा बिक्री-वितरणको अनुमानित परिमाण यकीन गरी कार्यक्रमको विवरण तथा प्रस्तावित बजेट तयार गरी बोर्डको सिफारीश बमोजिम वन विभागबाट स्वीकृत गराई कार्य संचालन गर्नेछ ।

### समितिका पदाधिकारीहरुको बिवरण

- जिल्ला वन अधिकृत, बारा — **अध्यक्ष**
- सहायक प्रमुख जिल्ला अधिकारी, बारा — **सदस्य**
- प्रमुख कोष तथा लेखा नियन्त्रक, बारा — **सदस्य**
- जिल्ला विकास समितिले तोकेको एक जना अधिकृतसदस्य — **सदस्य**
- वन तथा भू-संरक्षण मन्त्रालयवाट मनोनित २ जना — **सदस्य**
- जिल्ला वन कार्यालयको उप-सचिव (ब.व.अ.) वा सहायक वन अधिकृत — **सदस्य सचिव**
- जम्मा सदस्य संख्या ७ (सात) जना मात्र

### आमन्त्रित सदस्य

यस समितिको बोर्ड बैठकमा आवश्यकता अनुसार साझेदारी बन, सामुदायिक बनका अध्यक्ष लगायत काठ दाउरा उपलब्ध गराउने यस कार्यालयका मातहतमा रहेका सेक्टर प्रमुख, सहायक बन अधिकृत, लेखा अधिकृत, शाखा अधिकृत लगायत अन्य निकायका समेत ब्यक्ति वा कर्मचारीलाई आमन्त्रण गरिने छ ।

## ८. काठ, दाउरा प्राप्तिको आधार

श्री अख्तियार दुरुपयोग अनुसंधान आयोग नक्साल, काठमाण्डौबाट वन तथा भू-संरक्षण मन्त्रालय लाई मिति ०६८।९।२८ मा भएको निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा मिति ०६८।११।१८मा वन तथा भू-संरक्षण मन्त्रालयबाट बिभिन्न निर्णयभई सो निर्णयको ३(ज) अनुसार सामुदायिक वनबाट संकलन भएको काठको हकमा कूल उत्पादनको २५% काठ तथा दाउराको हकमा ४०% जिल्ला भित्रका अन्य उपभोक्ता र छिमेकी जिल्लाका उपभोक्ता समेतको हकमा छुटयाई सोकाठ दाउराको तोकिएको राजस्व दररेटले हुने मूल्य संकलन खर्च तथा कर बापतको रकम प्रचलित कानून बमोजिम उपभोक्ता समूहलाई बुझाई सुरक्षित स्थानमा घाटगद्दीगर्ने निर्देशनात्मक व्यवस्था तथा जिल्ला वन कार्यालयले बरामद गरेको बेवारिसे काठ, दाउरा तथा उपभोक्तालाई आन्तरिक खपतको लागि छुँटयाईएको काठ दाउरा उपभोक्ता समूह भित्रमा बिक्री बितरण गर्न नसकेमा सोकाठ समेत जिल्ला वन कार्यालय मार्फत उ.स.को निर्णय बमोजिम जिल्ला वन पैदाबार आपूर्ति समितिलाई प्राप्त हुनेछ ।

जिल्लामा रहेका विभिन्न ४ वटा साझेदारी वन व्यवस्थापन समितिको वन क्षेत्रहरुवाट उत्पादन हुने कुल वन पैदावारको ५० % जि.व.का. ले पाउनुपर्ने कानुनी प्रावधान अनुसार उत्पादन भएका कुल वन पैदावारको ५०% जि.व.का.मार्फत यस आपूर्ति समितिलाई प्राप्त हुनेछ । जिल्ला वन कार्यालयबाट सरकारी बनक्षेत्रवाट संकलितभई घाटगद्धीमा रहेको काठ दाउरा, चोरी कटानी तथा जफ्ती काठ दाउरा समेत समिति लाई स्थानीय जनताको माँग आंकलनगरी जिल्ला वन कार्यालयले समितिलाई नियमानुसार छोडपूर्जी गरी उपल्वध गराउने छ । यसरी उपल्वध भएको गोलिया तथा चिरानी काठ, दाउरा, बाकल, अनसाईज समितिले स्वीकृत कार्य योजना वमोजिम विक्रि वितरणगरी काठको राजश्व, जिल्ला वन कार्यालय र कटान मुछान तथा घाटगद्धीखर्च सम्वन्धित निकायलाई एकमुष्ठ वा पटक-पटक गरी चुक्ता गर्नेछ । अपरझट घाटगद्धी गर्ने काठ दाउरा जिल्ला वन कार्यालय संग आदेश लिई समितिको रकमवाट सुरक्षित घाटगद्धी गराउन सक्नेछ । यसरी प्राप्त हुन आएको काठ दाउरा पूराना स्टक समेत स्वीकृत कार्य योजना अनुसार विक्रि वितरणको व्यवस्था गर्नेछ ।

## ९. समितिको कर्मचारी व्यवस्थापन

यस आपूर्ति समितिको दैनिक प्रशासनिक कामकाज जि.ब.का.को मुकाम सिमरा, बाराबाट हुने गरेको तथा जिल्लाको सदरमुकाम कलैयामा रहेकोले प्रसाशनिक कार्य लगायत बैकको कामकाज समेत गर्न सिमराबाट दैनिक कलैया ओहरदोहर गर्न, समितिको चिट्ठी पत्रहरु आन्तरिक तथा बाह्य स्थानहरुमा पुऱ्याउन, रातिको समयमा कार्यालयको सुरक्षा व्यवस्था गर्न तथा कार्यालयको दैनिक काम समेतको लागि दुई जना कार्यालय सहयोगी करारमा रहनेछन । समितिको चिरानी काठ, दाउरा बाकल सिमरा तथा पथलैया डिपोमा रहेकोले दुबै डिपोको रातीको समयमा काठ दाउराको सुरक्षा व्यवस्थापन, सरसफाई तथा अन्य व्यवस्था मिलाउनु पर्ने भएकोले ती दुईवटै डिपोमा १-१ जना गरी जम्मा दुई जना चौकिदार मासिक ज्यालादारीमा करारमा राखिनेछ । कार्यालयको दैनिक प्रशासनिक कार्यमा टेवा पुऱ्याउन एक जना प्रशासनि कर्मचारी मुखिया तथा १ जना सहायक कम्प्युटर अपरेटर मुखिया सरह तथा समितिको बा.२.झ ७८० नं को टाटा सुमो जीप चलाउन १ जना हलुका सवारी चालकको समेत व्यवस्था गरिनेछ । यस समितिको गोलिया काठ से.व.का. मधुवन, से.व.का.तामागढी, ई.व.का.पसाह लगायत विक्रि डिपो पथलैयामा रहेको तथा ती काठहरुको सुरक्षा व्यवस्था नभएको खण्डमा चोरी हुने आगोले डढ्ने प्रवल सम्भावना रहेको हुँदा उपरोक्त तीनवटै स्थानमा तीन जना डिपोपाले मासिक पारिश्रमिक पाउने गरी करारमा राखिनेछ । यी तीनै जना डिपोपाले तथा विक्रि डिपो सुरक्षाको लागी खटिएको चौकिदार २ जना समेतको ज्यालाको भुक्तानी काठ दाउरा संकलन, उत्पादन तथा व्यवस्थापन शिर्षकमा राखिएको बजेटको कन्टेनजेन्सीवाट दिईनेछ ।

## १०. काज खटिने कर्मचारीहरुको विवरण

समितिको प्रशासनिक कार्य र आर्थिक व्यवस्थापन कार्यमा खटिने जिल्ला वन कार्यालयमा दरवन्दी भएका तपसिलका कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहन भता मासिक रुपमा उपल्वध गराई परिचालन गरिनेछ । समितिको आर्थिक कारोवार सरल सुलभ र निर्वाध रुपवाट संचालन गर्नुपर्ने भएको हुँदा खाता संचालन सदस्य सचिव, स.व.अ.मध्ये बाट १ जना तथा ले.अ. र स.ले.पा. मध्ये १को संयुक्त दस्तखतवाट संचालन गरिनेछ । यस समितिको खाता हाल एभरेष्ट बैंक सिमरामा रहेको तथा हालसालै राष्ट्रिय वाणिज्य बैंकको सिमरामा समेत नयाँ शाखा संचालन भएकोले सरकारी कारोवार सरकारी बैंकवाटै संचालन गर्न उचित भएकोले रा.व.बैंक सिमरामा नयाँ खाता संचालन गरिनेछ । उक्त खाता सदस्य सचिव वा स.ब.अ.मध्ये १ जना तथा ले.अ. र स.ले.पा. मध्ये १ जनाको संयुक्त रुपमा संचालन हुनेछ ।

समितिमा खटिने कर्मचारीको विवरण देहाय वमोजिम रहेको छ ।

- जिल्ला वन अधिकृत – (अध्यक्ष)
- सदस्य सचिव (ब.व.अ./स.व.अ.)
- सहायक वन अधिकृत (आपूर्ति समितिको कार्यालय संचालन गर्न)
- लेखा अधिकृत/स.ले.पा.
- रेञ्जर र फरेष्टर (फिल्ड कार्य गर्न)
- स्टोर किपर (जिन्सी समान परिचालन )
- वन रक्षक (फिल्ड कार्य गर्न)

## ११. कर्मचारीहरुको कार्य विवरण

यस आपूर्ति समितिको जिल्ला स्थित कार्यालय तथा फिल्डकार्य संचालनको लागि आवश्यक पर्ने उपरोक्त बमोजिमको कर्मचारीहरुको व्यस्थापन जिल्ला बन कार्यालय बारा तथा करारमा लिएका अन्य कर्मचारीवाट गरिने छ । कर्मचारीहरुको कार्य विवरण देहाय वमोजिम हुनेछ ।

### ११.१ जिल्ला वन अधिकृत (अध्यक्ष)

- आपूर्ति समितिको बैठकको अध्यक्षता गर्ने तथा बैठक संचालन गर्ने ।
- आपूर्ति समितिको कार्य सहज र सरल तवरवाटसंचालन तथा ब्यवस्थापन गर्ने ।
- मातहतका कर्मचारीलाई समुचित निर्देशन दिई परिचालन गर्ने ।
- वन मन्त्रालय, बन विभाग, क्षेत्रीय, जिल्ला प्रशासन लगायतका निकायहरुमा समन्वय गर्ने ।
- आपूर्ति समितिको कार्य संचालनमा कुनै बाधा अडचन परेमा बोर्डमा लगी बाधा फुकाउने ।
- समितिको कार्य संचालनलाई सरलीकरण गर्न आवश्यक पहल गर्ने ।

### ११.२ सदस्य सचिव (ब.व.अ./स.व.अ.)

- स्वीकृत कार्य योजना अनुसार समितिको कामकाज संचालन गर्ने ।
- कार्य योजनामा व्यवस्था भए अनुसार समितिको बैठक बोलाउने ।
- आपूर्ति समितिको काम कारवाही तथा प्रगतिवारे बोर्ड वैठकमा जानकारी गराउने ।
- समितिको बोर्ड वैठक पूर्व अध्यक्ष तथा सदस्यहरु संग आपसी समन्वय गरी एजेण्डा तय गर्ने ।
- समितिको बोर्ड वैठकको लागी मिति र समय निर्धारण गर्ने ।

- जिल्ला वन कार्यालय संग काठ दाउरा माँगगरी विक्रि वितरणको समुचित व्यवस्थापन गर्ने ।
- अध्यक्षको निर्देशन अनुसार आपूर्ति समितिको आर्थिक कारोवार संचालन गर्ने
- आपूर्ति समितिको आर्थिक कारोवार संचालन गर्ने
- घाटगद्धी स्थान तथा विक्रि डिपोको अनुगमणगरी समिति तथा जिल्ला वनमा रिपोर्ट पेश गर्ने ।
- अध्क्षय संग सहकार्यगरी काठ दाउरा संकलन, विक्रि कार्यलाई परिणाममुखि र सरल बनाउने ।
- समितिको कामकाज तथा आर्थिक काराबारको मासिक प्रगति समन्धित निकायहरुमा पठाउने ।
- काठ दाउराको उत्पादन, संकलन, ढुबानी तथा बिक्रिमा ईलाका तथा सेक्टर संग सहकार्य गर्ने ।
- मासिक बैठक बोलाउने, प्रगति समिक्षिा गर्ने ।
- फिल्डको समस्याको बारेमा मासिक छलफल गर्ने ।
- अध्यक्षको र्निदेशानुसार कामकाज संचालन गर्ने ।

## ११.३ सहायक वन अधिकृत (आपूर्ति समितिको प्रयोजनार्थ)

- अध्यक्षको तथा सदस्य सचिवको आदेशानुसार कामकाज सम्पादन गर्ने ।
- आपूर्ति समितिको फांट संचालनगरी कामकाजलाई नियम सम्मत रुपवाट अगाडी वढाउने ।
- समितिको रेकर्ड तथा प्रगति अध्यावधिक तयार गरी राख्ने ।
- सरल सुलभ तथा नियमित ढंगवाट काठ दाउरा विक्रि वितरण गर्ने ।
- काठ दाउरा विक्रि वितरण कार्यमा मातहतका कर्मचारीको सहयोग लिने ।
- सदस्य सचिव विदा वसेको वा फिल्ड गएको वेलामा दैनिक कार्यलाई स्वतह सुचारु राख्ने ।
- अध्क्षयको आदेशानुसार आर्थिक पक्षमा सदस्य सचिवको अधिकार सम्पादन गर्ने ।
- फिल्डमा उत्पादन हुने सामुदायिक बन, साझेदारी बन वा जिल्ला बन कार्यालयबाट प्राप्तहुने काठ दाउराको संकलन, ढुवानी, चिरानी लगायतका कामहरु सम्पादन गर्ने ।
- फिल्ड तथा डिपोमा रहेका काठ दाउराको नियमित अनुगमन गर्ने ।
- निरिक्षणगरी जिल्ला बन कार्यालय तथा आपूर्ति समितिमा रिपोर्ट पेश गर्ने ।
- आपूर्ति समिति तथा जिल्ला वन कार्यालयवाट कार्यादेश भएको विकासका कार्यहरु सम्पादन गर्ने ।
- काठ दाउराको उत्पादन, संकलन, ढुबानी तथा बिक्रिमा ईलाका तथा सेक्टरसंग सहकार्य गर्ने ।
- समितिको बोर्ड बैठकबाट निर्दिष्ट गरिएका कामकाज संचालन गर्ने ।
- माइन्युटको फोटो कपी सम्बन्धीत निकायमा पठाउने ।

## ११.४ रेञ्जर

- अध्क्षय,सदस्य सचिव तथा स.व.अ.को र्निदेशानुसार कामकाज गर्ने ।
- विक्रि डिपोको ईन्चार्जभै कामकाज संचालन गर्ने ।
- विर्माकाको काम गर्दा बन प्रतिनिधि भई खटि जाने ।
- समितिको दैनिक काममा सहयोग गर्ने ।
- अध्यक्ष तथा सदस्य सचिवको आदेशानुसार कामकाज सम्पादन गर्ने ।
- समितिको बोर्ड बैठकबाट निर्दिष्ट गरिएका कामकाज संचालन गर्ने ।
- काठ दाउराको उत्पादन, संकलन, ढुबानी तथा बिक्रिमा ईलाका तथा सेक्टर संग सहकार्य गर्ने ।
- चिानी कार्यको प्रत्यक्ष नियन्त्रण तथा परिचालन गर्ने ।

## ११.५ फरेष्टर

- विक्रि डिपोको कामकाज संचालन गर्ने ।
- फिल्डबाट काठ दाउराको संकलन तथा ढुवानी गराउने ।
- समिलमा बसी काठ चिरानी गराउने, नापी गर्ने, लगत बनाउने, चलानी तयार गर्ने ।
- बिक्रि डिपो तथा यार्डमा काठ पठाउने, पायलिङ्ग गराउने, संकेत राख्ने ।
- बिक्रि भएका तथा ढुवानी गरिने काठको दरपिठ गर्ने, लगत कटा गर्ने ।
- काठ दाउराको उत्पादन, संकलन, ढुबानी तथा बिक्रिमा ईलाका तथा सेक्टर संग सहकार्य गर्ने ।
- अध्यक्ष, सदस्य सचिव तथा स.ब.अ.को निर्देशन अनुसार कामकाज सम्पादन गर्ने ।

## ११.६ सहायक कम्प्युटर अपरेटर

- अध्यक्ष, सदस्य सचिव तथा स.ब.अ.को निर्देशन अनुसार कामकाज सम्पादन गर्ने ।
- कार्यालयमा रही मासिक, चौमासिक, वार्षिक प्रगति विवरण तयार गरी स.ब.अ.मा पेश गर्ने ।
- काठ दाउराको खरिद विक्रि, वितरणको रेकर्ड कम्प्युटराईज गरी अध्यावधिक राख्ने ।
- कार्यालयको पत्रहरु टाईपिङ्ग तथा दर्ता चलानी गरी प्रशासनिक कामकाज गर्ने ।
- कार्यालयको पत्रहरु टाईपिङ्ग तथा प्रिन्टिङको कामकाज गर्ने ।
- आय व्ययको विवरण तयार गर्न सह लेखापाललाई सहयोग गर्ने ।
- जिन्सी माल सामानको लगत रजिष्टर तयार गर्ने ।

## ११.७ ले.अ./स.ले.पा.

- समितिको आय व्ययको रेकर्ड राख्ने ।
- प्राप्त आयवाट नियमानुसार राजश्व कर दाखिला गर्ने ।
- विलको समयमा भुक्तानी दिने । स्वीकृत दररेट अनुसार पारिश्रमिक भुक्तानी गर्ने ।
- जि.व.का.का कर्मचारीहरुको मासिक भत्ता तथा मासिक ज्यालाहरु उपलब्ध गराउने ।
- विकास कार्यक्रहरु संचालन गर्न रकम उपलब्ध गराउने ।
- काठ संकलन खर्च ज्यामीको ज्याला आदि समयमा भुक्तानी गर्ने ।
- समितिलाई आवश्यक जिन्सी मालसमानको भुक्तानी गर्ने ।
- समयमै मासिक फाटवारी तयार गर्ने ।
- वार्षिक आय व्यय तथा बजेट तयार गर्ने ।
- आन्तरिक,अन्तिम लेखा परिक्षण गराउने ।

## ११.८ कार्यालय सहायक

- समितिको कागजपत्र व्यवस्थित राख्ने ।
- दर्ता चलानीको काम गर्ने ।
- जिन्सी मालसमानको लगत रजिष्टर तयार गर्ने ।
- रेकर्ड तयार गर्ने, प्रगति बनाउने , बैंक स्टेटमेन्ट ल्याउने ।
- अध्यक्ष, सदस्य सचव र स.व.अ.को निर्देशन अनुसार कामकाज गर्ने ।
- Fax, Photo copy संचालन गर्ने ।

## ११.९  हलुका सवारी चालक

- अध्क्षय तथा सदस्य सचिवको प्रत्क्षय निर्देशनमा रहने ।
- समितिबाट उपलब्ध गराईएको सवारी साधन संचालन गर्ने ।
- सवारी साधनको सरसफाई तथा आवश्यकता अनुसार मर्मत संभार गरि चुस्त दूरुस्त राख्ने ।
- सवारी साधनको सुरक्षा व्यवस्था मिलाउने ।

## ११.१० कार्यालय सहयोगी.

- समितिको कार्यालय खोल्ने बन्द गर्ने, सफा सुघर गर्ने ।
- कार्यालय समय तथा रात्रिमा सम्पतिको सुरक्षा गर्ने, ।
- चिया तथा खाजा तयार गन तथा, बाहिरवाट ल्याउने, माल समान खरीद गरी ल्याउने ।
- कार्यालयमा आउने चिठिपत्र बुझ्ने, स.ब.अ.समक्ष पेश गर्ने,
- समितिबाट बाहिर पठाईने पत्र कार्यालय लगायत हुलाकमा लैजाने रजिष्ट्री गर्ने ।
- कार्यालयको अध्यक्ष, सदस्य सचिव तथा स.व.अ.को आदेशानुसार कामकाज गर्ने ।

## ११.११ डिपो पाले/चौकिदार

- वन जंगलवाट संकलन भई घाटगद्धीमा आएका काठ दाउराको सुरक्षा गर्ने ।
- विक्रि डिपोमा रहेको काठ दाउराको सुरक्षा गर्ने ।
- अध्क्षय,सदस्य सचिव, तथा स.ब.अ.ले अह्राएको कामकाज सम्पादन गर्ने ।

## ११.१२ वन रक्षक

- घाटगद्धी वाट विक्रि डिपो सम्म काठ दाउराको ढुवानी  गर्ने ।
- छोडपूर्जी तथा म्यादथप भएका काठ दाउरा रोहोवरमा लोड गराई दरपिठ गरी पठाउने ।
- विर्माका हुदाँ टांचा, निशाना लगाउन सहयोग गर्ने ।
- बाकल, अनसाईजको तौल गर्ने गराउने तथा चिरानी काठको धाङ छुटयाउन सहयोग गर्ने ।
- काठ दाउराको उत्पादन, संकलन, ढुबानी तथा बिक्रिमा ईलाका तथा सेक्टर संग सहकार्य गर्ने ।
- अध्क्षय, सदस्य सचिव, स.व.अ.को निर्देशन वमोजिम कामकाज गर्ने ।

## १२. समितिका पदाधिकारीको कार्य बिवरण

- कार्य योजनामा व्यवस्था भए अनुसार समितिको बैठकमा भाग लिने ।
- आपूर्ति समितिको काम कारवाहीवारे बोर्ड बैठकमा विस्तृत छलफल गर्ने ।
- अध्यक्ष तथा सदस्य महानुभावहरु संग छलफलगरी समितिको कार्य संचालनमा सहयोग गर्ने ।
- पारदर्शि तवरवाट काठ विक्रि वितरणको समुचित व्यवस्थापन गर्न निर्देशित गर्ने ।
- आपूर्ति समितिबाट बितरण भएको काठ, दाउराको अनुगमन गर्ने ।
- घाटगद्धी, विक्रि डिपो तथा फिल्डमा भएका काठ दाउराको निरिक्षण गर्ने ।
- अनुगमण निरिक्षणमा जाने, प्रगतिको जानकारी बोर्ड बैठकमा पेश गर्ने ।
- अध्क्षय संग सहकार्य र छलफलगरी काठ दाउरा संकलन तथा विक्रि कार्यलाई सरल बनाउने ।
- समितिको अनुरोध अनुसार अन्य कृयाकलापमा सहभागी हुने ।

- कार्ययोजनामा उल्लेख भए बाहेकको बिषयमा उचित समाधान दिई समितिलाई संचालन गर्ने ।
- संस्थालाई नाफामुलक बनाउन आवश्यक सहयोग गर्ने ।

## १३. समितिबाट काठको आपूर्तिको कानूनी प्राबधान

यस आ.व.मा आपूर्ति समितिबाट जिल्ला भित्रका उपभोक्तालाई चिरान तथा गोलिया काठ उपलब्ध गराउनको लागि काठको माँग गर्दा देहाय वमोजिमका कागजातहरु पेश गर्नु पर्ने ब्यवस्था गरिनेछ । निबेदकले माँग गरेको चिरान तथा गोलिया काठको हकमा निबेदन पेश गरे पछि नियमानुसार फिल्ड अनुगमन गर्ने कार्य पुरा गरि प्राप्त प्रतिबेदनको आधारमा काठ उपलब्ध गराइने छ ।

### १३.१ घर निर्माणको लागि

१. नेपाली नागरिकताप्रमाण-पत्रको प्रतिलिपि

२. जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि

३. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि

४. गा. वि. स./नगरपालिकाको सिफारिशपत्र

५. नगरपालिका भए नक्सा पासको प्रमाण-पत्रको प्रतिलिपि

६. रु.१०।- को टिकट सहित सम्वन्धित व्यक्तिको निवेदन

७. नयाँ नगरपालिका कायम भएको गा.वि.स.को हकमा नक्सा अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

८. समितिमा निवेदन पेश गरेका निबेदनको हकमा समेत नक्सा पेश गरेपछि मात्र कार्यन्वयन हुने ।

९. घरकाजाको लागी काठको माँग निवेदन पेशगर्दा घर रहेको स्थानको स्केच नक्शा कोर्नु पर्ने ।

१०. कसैको घर गाउँ बलकमा भए गा.वि.स.को सिफारिस अनिवार्य रुपमा राख्नु पर्नेछ ।

११. निवेदनमा निबेदकको सम्पर्क नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने ।

### १३.२ मर्मत संभारको लागि

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

२. जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि

३. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि

४. गा. वि. स./नगरपालिकाको सिफारिस पत्र

५. रु १०।- को टिकट सहित सम्वन्धित व्यक्तिको निवेदन

### १३.३ दैवी प्रकोपको लागि

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

२. जिल्ला दैवी प्रकोप उद्दार समिति वा जिल्ला प्रसाशन कार्यालयको सक्ल सिफारिश पत्र

३. जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि

४. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि

५. रु १०।- को टिकट सहित सम्बन्धित व्यक्तिको निवेदन

६. गा. वि. स./नगरपालिकाको सिफारिस पत्र

## १३.४ विकास निर्माणको लागि

१. विकास निर्माण कार्यको स्वीकृत लागत स्टीमेट

२. जिल्ला विकास समिति, गा.वि.स./न.पा. वा वजेट दिने सरकारी कार्यालयकोपत्र

३. संस्थाको निर्णय प्रतिलिपिहरु, व्यक्ति भएमा नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

४. विकास निर्माण कार्य जनसभागिता वा ठेक्कामा भए नभएको स्पष्ट खुलाउनु पर्ने ।

५. ठेक्का प्रथावाट सम्पादन हुने विकास निर्माण कार्यका लागी आपूर्ति समितिले काठ नदिने ।

## १३.५ कृषि औजारको लागि

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

२. गा. वि. स./नगरपालिकाको सिफारिस

३. जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि

४. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि

५. रु. १०।-को टिकट सहित सम्बन्धित व्यक्तिको निवेदन

## १३.६ धार्मिक कार्यको दाउरा

१. गा.वि.स./वा नगरपालिकाको सिफारिस पत्र

२. संस्था भएमा सम्बन्धित संस्थाको निवेदन

३. रु. १०।-को टिकट सहित सम्बन्धित व्यक्तिको निवेदन

## १३.७ दाह संस्कारको दाउरा

जिल्लाका सर्वसाधारण जनताको दाहसंस्कारको लागि दाउरा चाहिएमा यस समितिको घाटगद्धीमा रहेको स्टकवाट आवश्यकता र औचित्यको आधारमा दाउरा उपलब्ध हुनेछ । समितिको आफ्नो घाटगद्धीमा वा जंगलमा स्टक नभएमा जिल्ला वन कार्यालय, समुह, साम्फेदारी वा टि.सि.एन.वाट सापटी लिएर भए पनि उपलब्ध गराईनेछ ।

# १४. आफै उपस्थित हुनुपर्ने

काठ दाउरा लिन चाहने सरोकारवाला निवेदक सकभर आफै उपसथित भई निवेदनमा सनाखत गरी आफ्नो निवेदन दर्ता गराउनु पर्नेछ । निवेदक अशक्त महिला वा वृद्धा अवस्था भएको कारणले आफै उपसथित भई निवेदन दर्ता गराउन नसक्ने अवस्था भएमा सोको कारण खोली गा.वि.स.सचिवको रोहवरमा मंजुरीनामा गराई निवेदकको नागरिकता सहित नजिकको एका संगोलको हाडनाता पर्ने व्यक्तिवाट निवेदनमा सनाखत गराई निवेदन दर्ता गरिनेछ ।

# १५. काठ दाउरा मौज्दातको अवस्था

आ.ब.०७०।७१ को अन्तमा पथलैया बिक्रिडिपो तथा अन्य घाटगदी स्थानहरुमा साल चिरान ७९४.८० क्यू.फि., अन्य जातको चिरान ६५३ क्यू.फि., अनसाईज १८६.६० क्वीन्टल, बाकल ५३२.६० क्वीन्टल तथा दाउरा ३२.७५ चट्टा स्टक अल्या भएको रेकर्डबाट देखिएकोमा गत आ.व.०७१।७२ मा जिल्ला बन कार्यालयबाट तपसिल अनुसार बिभिन्न मितिमा आपूर्ति समितिको माँगबमोजिम २६,९८२.९१ क्यू.फि. गोलिया काठ तथा ५०.५ चट्टा दाउराको छोडपुर्जि भई सो मध्येवाट कुल जम्मा २४,७०२.३७ क्यू.फि. काठ स:मिलमा चिरान गर्न पठाइएको रेकर्डवाट देखिन्छ ।

## १५.१ गत आ.ब.मा जि.ब.का.बाट प्राप्त काठ दाउराको बिवरण

### तालिका- २

### (क) घरकाजको लागि

| सि.न | च.न. | मिति | काठको जात र परिमाण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | जात | ग्रेड | थान | परिमाण | |
| १ | १३११ | ०७१।९।२४ | साल | ए, बी, सी | १०३ | १५३७.१७ क्यु.फि. | रा.बन |
| २ | १४९३ | ।१।१०।१८ | साल | ए, बी, सी | ४४८ | ४४१७.५२ क्यु.फि. | रा.बन |
| | ०२ | ७१।१०।१९ | साल | | | २.८६ | रा.बन |
| ४ | १८८९ | ०७१।१२।०९ | साल | ए, बी, सी | २२ | ३६२.१४ क्यु.फि. | रा.बन |
| ५ | २०७९ | ०७२।१।०२ | साल | ए, बी, सी | ३५० | ५२१५.५६ क्यु.फि. | रा.बन |
| ६ | २३४६ | ०७२।२।०१ | साल<br>जामुन | ए, बी, सी | १०८<br>१ | १८८.१७ क्यु.फि.<br>३.५० क्यु.फि. | जफती |
| | | | | | १०९ | १९१.६७ क्यु.फि. | |
| ७ | २३६६ | ०७२।२।०४ | साल<br>सिसौ<br>सतसाल | ए, बी, सी | ९१<br>३<br>१ | ४०७.२० क्यु.फि.<br>८.६८ क्यु.फि.<br>६.६२ क्यु.फि. | रा.बन |
| | | | जम्मा | | ९५ | ४२२.५० क्यु.फि. | |
| ८ | २४४४ | ०७२।२।११ | साल<br>जामुन | ए, बी, सी | १४७<br>२ | १०८८.९१ क्यु.फि.<br>२७.७२ क्यु.फि. | रा.बन |
| | | | जम्मा | | १४९ | १११६.६३ क्यु.फि. | |
| ९ | २६२७ | ०७२।२।२९ | साल<br>अस्ना | ए, बी, सी | ७९९<br>५ | ९४९८.४५ क्यु.फि.<br>५६.६७ क्यु.फि. | रा.बन |
| | | जम्मा | | | | ९५५५.०५ क्यु.फि. | |
| १० | २६९२ | ०७२।३।६ | साल | | ७० | ४९८.४० क्यु.फि. | रा.ब बरामदी |
| ११ | २७२० | ०७२।३।९ | साल<br>जामुन<br>असना<br>करमा<br>बोटधमेरो<br>जिगड | ए, बी, सी | २८<br>२<br>८<br>५<br>४<br>२ | २८१.४० क्यु.फि.<br>४४.३५ क्यु.फि.<br>१४४.८४ क्यु.फि.<br>६२.४१ क्यु.फि.<br>४७.६९ क्यु.फि.<br>१६.५६ क्यु.फि. | ४९ थानको ५९७.२५ क्यु.फि. |
| १२ | २७४० | ०७२।३।१३ | साल<br>टिक<br>सतिसाल<br>बर्रो | ए, बी, सी | ७६<br>१७<br>४<br>७ | २८९.४४<br>६१.४१<br>२४.९०<br>२८.५६ | तामागढी साभ्रेदारी |
| | | | जम्मा | | १०४ | ४०४.३१ क्यु.फि. | |

### (ख) दैबि प्रकोपको लागि प्राप्त

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १५०२ | ०७१।१०।१९ | साल | सि | ८४ | ४८२.८६ | |
| २ | २४८१ | ०७२।२।१३ | साल | सि | १५० | ६९२.४० | |
| ३ | २७२१ | ०७२।३।९ | साल | सि | २११ | १००६.५९ | |
| | | | | | ४४५ | २१८१.८५ | |

### (ग) दाउरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ८४४ | ०७१।८।२ | साल | दाउरा | | १८.५० अन्य ०.७५ सिसौ ०.५० | जम्मा १९.७५ |
| २ | १३०० | ०७१।९।२३ | साल | दाउरा | | १२.० | |
| ३ | १४९२ | ०७१।१०।१८ | लाथ्रा | दाउरा | | १.० | |
| ४ | १५२१ | ०७१।१०।२१ | साल | दाउरा | | २.२५ | |
| ५ | १५४२ | ०७१।१०।२५ | साल | दाउरा | | ०.५० | |
| ६ | १५४१ | ०७१।१०।२५ | अन्य | लाथ्रा | | १.० | |
| ७ | १६२९ | ०७१।११।११ | साल | दाउरा | | ३.० | |
| ८ | १६७० | ०७१।११।१४ | सिसौ | दाउरा | | १.० साल ०.५ | |
| ९ | १६६९ | ०७१।११।१४ | अन्य | लाथ्रा | | ३.० | |
| १० | २११७ | ०७२।१।९ | अन्य | दाउरा | | ०.५ | |
| २६ | २२७२ | ०७२।१।३१ | साल | दाउरा | | १.० | |
| २७ | २२७१ | ०७२।१।३१ | साल | दाउरा | | २.० | |
| २८ | २७०२ | ०७२।३।७ | साल | दाउरा | | ३.० | |

जम्मा प्राप्त भएको काठको बिवरण २६,९८२.९१ क्यु.फि., दाउरा ५०.५ चटा

## १५.२ समितिमा रहेका पुरानो गोलियाको स्टक बिवरण

आ.व. २०७०।०७१ तथा २०७१।०७२ मा यस समितिलाई तपसिल बमोजिमका बिभिन्न सामुदायिक बनबाट हस्तानान्तरण भएको काठ तथा दाउराको लगत देहाय बमोजिम रहेको छ ।

**तालिका - ३**

**पुरानो गोलियाको स्टक बिवरण**

| सि.न. | सामुदायिक बनको नाम | आ.ब.०७०।७१को स्टक | आ.ब.०७१।७२ सम्मको आय | |
|---|---|---|---|---|
| | | गोलिया घ.फि, | गोलिया | दाउरा |
| १ | पशुपति सामुदायिक बन | साल ५०२.०, असना ३८४.५८ करमा १०२.३९ , जम्मा ९८८.९७ | साल ५०२.०, असना ३८४.५८ करमा १०२.३९ जम्मा ९८८.९७ | ६.२५ चटा |
| २ | बनशक्ति सामुदायिक बन | साल ४५८.५० | साल ४५८.५० | |
| ३ | नागमनी सामुदायिक बन | साल ५१९.१२ | साल ५१९.१२ | |
| ४ | पसाहा ढ.प. | साल ४०१.६३, साल ४८.१५ | साल ४०१.६३, साल ४८.१५ | |
| ५. | ह्लखोरिया जफती | साल ४६०.४४ | साल ४६०.४४ | |
| ६ | पथलैया सेक्टर | साल १९५.४६ | साल १९५.४६ | |
| ७ | ह्लखोरिया फायरलाईन | साल ३५.१४ | साल ३५.१४ | |
| ८ | पुरानो जिम्मेबारी सरेको | साल २०००.० | साल २०००.० | |
| | जम्मा बिभिन्न जातको | **५१०७.४१** | **५१०७.४१** | **६.२५चटा** |

उपरोक्त चिरान तथा गोलिया काठ मध्ये गत आ.व. ०७१।०७२ मा घरकाज तथा विकास निर्माण कार्यको लागी चिरानी काठ ६५९४.१४ क्यू.फि., दैवी प्रकोप प्रयोजनको लागी १८६१.३९ क्यू.फि. C ग्रेडको गोलिया काठ, ३४४.५० क्वीन्टल अनसाईज, १२४१.३० क्वीन्टल बाकल र ७७.६२ चटा दाउरा आषाढ भित्रमा समितिवाट देहाय वमोजिम विक्रि वितरण गरिएको छ । सामुदायिक वन, साझेदारी वनवाट प्राप्त भई गत विगतवाट घाटगद्धीमा मौज्दात ५१०७.४१ क्यू.फि. गोलिया काठ पूरानो स्टक वाट जिम्मेवारी सर्दै आाएकोले उक्त काठको हैसियत राम्रे नभको कारण कसैले लिन चाहेका छैनन् ।

## १५.३ उत्पादित चिरानी काठको बिवरण

उपरोक्त तथ्यांक अनुसार बिभिन्न मितिमा जि.ब.का. तथा सामुदायिक बनहरुबाट प्राप्त भएको काठ स्वीकृत कार्ययोजना अनुसार चिरान गराउन ठेक्का बन्दोबस्त भई नेहाल समिल जीतपुरमा बिभिन्न मितिमा पटक पटक गरि जम्मा २४,७०२.३७ क्यु.फिट चिरान गर्न आदेश सहित पठाईएकोमा काठ चिरान गर्न ठेक्का लिएको नेहाल स:मिलले महाभूकम्प आएको, मेसिन बिग्रेको लगायतका अन्य बिभिन्न प्राबिधिक कारणले तोकिएको म्याद भित्र सबै काठ चिरान गर्न नसकेकोले चिरानगर्न म्यादथप माँग गरेकोमा निजलाई १ महिनाको म्यादथप दिई सो थप अबधि समेत भित्रमा जम्मा २२,८५२.३७ क्यु.फिट काठ चिरान भएको तथा साल गोलिया १,८५०.० क्यू.फि. चिरान हुन बांकी रहेकोले सो गोलिया काठ हाल मिलमा मौज्दात रहेको छ । सो २२,८५२.३७ क्यु.फिट काठबाट जम्मा १३,९८९.२४ क्यू.फि. चिरान, ३५९.२५ क्वी. अनसाईज तथा १४८१.६२ क्वी. बाकल सिमरा तथा पथलैया विक्रि डिपोमा प्राप्त भएको रेकर्ड देखिन्छ ।

**तालिका-४**

**उत्पादित चिरान काठको बिवरण**

| सि.न | च.न. | मिति | काठको जात र परिमाण क्यु.फि. | | | | प्राप्त चिरान | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जात | ग्रेड | थान | परिमाण | चिरान | अनसाईज | बाकल |
| १ | १५५ | ०७१।१०।४ | साल | ए | ६५ | १२४१.१० | ८८१.८४ | ४४.९ | १३६.० |
| | | | | बी | ८९ | ९३२.१५ | ५१३.५७ | | |
| | | | | सी | २४ | १६६.२१ | ५८.३९ | | |
| | | | | | १७८ | २३३९.४६ | १४५३.८० | | |
| २ | १८२ | ०७१।१०।२२ | साल | ए | १०३ | १७७६.१० | १२८६.२५ | ९६.७ | ३६९.४ |
| | | | | बी | २७२ | २९३९.७८ | १७४९.० | | |
| | | | | सी | १६३ | ९४१.०५ | ३६१.७४ | | |
| | | | | | ५३८ | ५६५६.९३ | ३३९६.९९ | | |
| ३ | २४४ | ०७१।१२।१२ | साल | ए | ९ | १९४.६९ | १२६.७४ | ९.० | ३०.० |
| | | | | बी | १० | १५१.६७ | १०१.२२ | | |
| | | | | सी | ३ | १५.७८ | ५.१६ | | |
| | | | | | २२ | ३६२.१४ | २३३.१२ | | |
| ४ | २७९ | ०७२।१।१० | साल | ए | १२६ | २८२६.८१ | १९८३.० | ५८.० | ३६०.४ |
| | | | | बी | १९९ | २३२५.९२ | १२८२.९८ | | |
| | | | | सी | ९ | ६२.८३ | २२.४३ | | |
| | | | | | ३३४ | ५२१५.५६ | ३२८८.४१ | | |
| ५ | ६१६ | ०७२।३।९ | साल | ए | ५९ | १०३१.७२ | ७३३.०४ | ३८.६ | १५७.५ |
| | | | | बी | १०७ | १०७०.४० | ६०२.१० | | |
| | | | | सी | ५२ | २७२.९३ | ९८.६६ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २१८ | २३७५.०५ | १४३३.८० | | |
| ६ | ६९४ | ०७२।३।२२ | साल | ए | १८७ | ३१२९.४८ | २१९१.५७ | ११२.० | ४२८.३ |
| | | | | बी | ३१८ | ३१६०.५४ | १७७०.५३ | | |
| | | | | सी | १०६ | ५७९.३८ | २०२.९५ | | |
| | | | असना | ए | १ | १७.७८ | ११.५३ | | |
| | | | जमुन | ए | १ | १६.०५ | १२.५४ | | |
| | | | | | ६१३ | ६९०३.२३ | ४१८३.१२ | | |
| | | | | | | | **१३९८९.२४** | **३५९.२२** | **१४८१.६** |

# १६. काठ दाउरा विक्रि बितरणको विवरण

## १६.१ घरकाजको लागि चिरान काठ बितरण

- घरधुरी संख्या - १८१ परिवार
- चिरान काठको परिमाण - ६३४९.७४ क्यु.फि.

## १६.२ बिकास निर्माण कार्यको चिरान काठ लागि

- संस्थाको संख्या - ६,
- चिरान काठको परिमाण - २४४.४० क्यु.फि.

## १६.३ दैबी प्रकोपको लागि बितरण

- घरधुरी संख्या - ६३ ,
- गोलिया काठको परिमाण - १८६१.३९ क्यु.फि.

## १६.४ दाउरा तथा बाकल बितरण

- घरधुरी संख्या - ३७४ परिवार तथा संघ संस्था - ११ वटा
- दाउराको परिमाण - ७७.६२ चटा
- बाकल दाउरा लिने परिवार - १६३
- बाकल दाउरा परिमाण - १२४१.३० क्वी.

## १६.५ अनसाईज/स्ट्रीप

- अनसाईज, स्टीप लिने घरधुरी संख्या -.१०८
- अनसाईजको परिमाण - ३४४.५ क्वीन्टल.

उपरोक्त चिरान तथा गोलिया काठमध्ये गत आ.व.०७१।७२ मा घरकाज तथा विकास निर्माण कार्यको लागी चिरानी काठ **६५९४.१४** क्यू.फि., दैवीप्रकोप प्रयोजनको लागी C ग्रेडको गोलिया **१,८६१.३९** क्यू.फि. अनसाईज **३४४.५०** क्वीन्टल, बाकल **१,२४१.३०** क्वीनटल र दाउरा **७७.६२** चट्टा आषाढ मसान्त भित्रमा विक्रि वितरण गरिएको छ । सामुदायिक वन, साझेदारी वनबाट प्राप्त घाटगद्धीमा मौज्दात **५,१०७.४१** क्यू.फि. गोलिया काठ पूरानो स्टकबाट कायम हुँदै आएकोले सोकाठको हैशियत राम्रो नभएको कारण कसैले लिन चाहेका छैनन् । उपरोक्त कारोबारबाट रु. **२,३३,१२,४५२.८३** कूल आम्दनी प्राप्त भएको र सोबाट आपूर्ति समितिले खरीद गरेको सबै काठको राजश्व, मु.अ.कर, संकलन तथा ढुवानी खर्च, चिरानी खर्च, डिपो संचालन खर्च, सुरक्षा खर्च, लगायत सबै खर्च रकम रु **१,५९,६०,६२४.६१** कटाएर खुद नाफा रु. **७३,५१,५२८.२२ नेट** आर्जन गर्न सफल रहेको देखिन्छ ।

# १७. आ.व.२०७१।०७२ मा काठ दाउराको खरीद, बिक्रि तथा प्राप्त आयको बिवरण

**तालिका- ५**

**गत आ.ब.को आयको बिवरण**

| सि. नं | जात | काठको आम्दनी घन.फिट | | | प्राप्त कुल परिमाण घन.फिट | प्रयोजन | विक्रि परिमाण (क्यू.फि.) | दर रेट रु. | प्राप्त रकम रु. | खुद नाफा रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७०।७१ को अल्या घ.फि | ०७१।७२ सम्मको आम्दनी घ.फि | चिरानीको लागि मिल पठाएको काठ | | | | | | |
| १. | साल गेलिया<br><br>साल चिरान | ५१०७ दाउरा ६.२५ चटा<br><br>७९४.८० अन्य ६५३.० | साल २३२०३.५५<br>असना ५६.६७<br>जामुन २७.७३<br>सिसौ ८.६८<br>सतिसाल ६.८२<br>साझेदारीबाट अन्यजात ७२०.१६<br>**जम्मा २९०३०.१६** | साल २४६१४.४४<br>असना ५६.६७<br>जामुन २७.७३<br>सिसौ ८.६८<br>सतिसाल ६.८२<br>जम्मा **२४,७०२.३७** | १३९८९.२४<br>अल्या ७९४.८०<br>अन्य ६५३.०<br>चिरान गर्न बाँकी गोलिया<br>**१८५०.०** | घरकाज विकास निर्माण चिरान बितरण | ६५९४.१४ तथा रकम जम्मा भई २१०० घफि उठाउन बाँकी | २३००।-<br><br>,, | १,५१,६६,५२२।-<br><br>४८,३०,०००।- | **४१,५४,३०८।२०**<br><br>**१२,३२,०००।-** |
| २. | गोलिया | C ग्रेड | साल २१८१.८५ | ० | साल २१८१.८५ | दैबी प्रकोप | १८६१.३९ | ३३५।- | ६,२३,५६५।६५ | **३,२२,७६५।०२** |
| ३. | अनसाईज | १८६ क्वी. | ३५९.२५ क्वी. | ० | ५४५.२५ क्वी. | घरकाजमा | ३४४.५० क्वी. | १३००।- | ७,०३,६२५।- | **७,०३,६२५।-** |
| ४. | बाकल | ५३२ क्वी. | १४८१.६२ क्वी. | | २०१३.६२ क्वी. | घरकाज | १२४१.३० क्वी. | ६००।- | ७,४४,७८०।- | **७,४४,७८०।-** |
| | दाउरा साल, सिसौ<br>लाथ्रा<br>अन्य | ३२.७५ चटा | ५०.५० चटा | | ८३.२५ चटा | घरकाज सामाजिक कार्य | साल ४९.२५<br>सिसौ<br>अन्य<br>लाथ्रा<br>७७.५ चट्टा | १७००९।-<br>१९००९ ।-<br>१५००९ ।-<br>७५००।- | ८,३५,४८२.०८<br>३३,२६५.७५<br>३,४८,९५९.२५<br>२६,२५०.०<br>**२,४३,९५६.८३** | **१,९४,०५०।-** |
| | जम्मा | | | | | | | | **,२,३३,१२,४५२.८३** | **७३,५१,५२८.२२** |

## १८. समितिबाट प्राप्त उपलब्धिको समिक्षा

यस आपूर्ति समितिको कामकाज विगत आ.व.देखि गढीमाई नगरपालिका-२ सिमराबाट संचालन भईरहेको छ । यस समितिले आर्जन गरेको खुद आयबाट आ.व. २०७०/०७१ मा १ वटा टाटा सुमो जिप खरिद गर्न सफल भएको, जिल्ला वन कार्यालयको परिसर भित्र २ तल्ले ११ कोठाको पक्की कार्यालय भवनको शुरुवात भएर हाल भुई तल्लाको ६ कोठाको निर्माण कार्य सम्पन्न भएको तथा बाँकी काम यस आ.ब. ०७२।७३ मा सम्पन्न गरिनेछ । आपूर्ति समितिको सम्पर्क कार्यालय जिल्लाको सदर मुकाम कलैया नगर-पालिकामा निर्माणाधीन अवस्थामा रहेको छ । गत आ.व.मा से.व.का. पथलैयाको भवनमा विजुली, चर्पी, लगायत कार्यालयको सजावटको काम समितिको बजेटवाट सम्पन्न भएको छ । समितिको प्राप्त रकमवाट कार्यालय सहायक-१, सहायक कम्प्युटर अपरेटर १ जना, ड्राईभर १ जना, का.स. २ जना, चिरानी डिपोको चौकिदार २ जना, गोलिया संकलन फिल्ड डिपो पाले ३ जना समेत जम्मा १० (दश) जना ज्यालादारी कर्मचारी करार सेवामा काम गरिरहेका छन् ।

अतः अगामी दिनमा वन संरक्षण लगायत स्थानीय जनताको काठ दाउराको माँगलाई केन्द्रित गरी बढी परिमाणको काठ दाउरा जिल्लाको दक्षिण भेगका जनतालाई विक्रि वितरण गर्न तथा प्राप्त लाभबाट समिति लगायत जिल्ला वन कार्यालयको भौतिक संरचनामा टेवा पुऱ्याई सकरात्मक कार्यहरु सम्पादन गर्ने उदेश्य अनुरुप आ.व. ०७२/७३ को वार्षिक कार्ययोजना तथा संचालन कार्यविधि प्रस्ताव गरिएको छ । गत आ.व. ०७१।७२ को फाल्गुण मसान्तसम्म समितिको कार्यालय पथलैयाबाट संचालन हुदैं आएकोमा सदस्य सचिव हेरफेर भएकोले समितिको काम कारवाही सुगमतापूर्वक संचालनगर्ने मनसायवाट पथलैयावाट समितिको कार्यालय जिल्ला वन कार्यालय सिमरामा स्थानान्तरण गरी काठ दाउरा विक्रि डिपो दुबै स्थानमा राखी बिक्रि वितरणको कार्य सम्पादन गरिएको छ । हाल जिल्ला वन कार्यालयको पुरानो भवनवाट समितिको कार्यालय संचालन भईरहेको छ ।

## १९. आ.व.२०७२।०७३ को वार्षिक कार्ययोजना

## १९.१ पुरानो काठको मौज्दात स्टक

आ.व.२०७०।०७१ तथा २०७१।०७२ मा यस समितिलाई राष्टिय बनबाट प्राप्त भएको गोलिया काठ चिरान भई बिक्रि बितरण पछि यस आ.ब. ०७२।७३ मा अल्या भएको चिरान काठ पथलैया तथा सिमरा विक्रि डिपोमा तपसिल बमोजिम स्टक रहेको छ ।

**तालिका - ६**

| **आ.ब.०७१।७२ को स्टक (अल्या सहित)** | | | | **आ.ब.०७२।७३ को स्टक (अल्या सहित)** | | | |
|---|---|---|---|---|---|---|---|
| गोलिया यु.फि | चिरान क्यु.फि. | अनसाइज | बाकल | गोलिया क्यु.फि | **चिरान** क्यु.फि. | **अनसाइज** | **बाकल** |
| अल्या साल ५१०७.० | साल ७९४.८ अन्य जात ६५३.० साल नया १३९८९.२ | साल १८६.० साल ३५९.२५ | साल ५३२ १४८१.६२ | अल्या साल ५१०७.० १८५०.० | साल ७३९५.१ र ७९४.८० अन्यजात ६५३.० | २००.७५ | ७७२.३२ दाउरा |
| **५१०७.०** | **१५४३७.०** | **५४५.२५** | **२०१३.६२** | **६९५७.०** | **८८४२.९०** | **२००.७५** | **७७२.३२** |

## १९.२ काठ/दाउरा प्राप्त हुने श्रोत र संकलन योजना

यस आ.व.मा समितिले काठ दाउराको संकलन गर्ने कार्य जिल्ला वन कार्यालय बाराको राष्ट्रिय वन क्षेत्रमा रहेको ढलापडाको प्लटलिई छपान मुल्यांकन गराई आर्थिक ऐननियम अनुसार घटाघटको सूचना प्रकाशितगरी कार्यान्बयन गरिनेछ । घटाघटमा संकलनगर्न कोही कसैको दरभाउपत्र नपरेमा नियमानुसार बोर्डको निर्णय अनुसार अमानतबाट गराइनेछ । विगत आ.व. हरुमा आपूर्ति समितिलाई छोडपूर्जीभई वनशक्ति सामुदायिक वन, नागमणी सामुदायिक वन, चकरी सामुदायिक वन, रतनपुरी सामुदायिक वन लगायत तामागढी ईलाका, लाल ईलाका, पसाह ईलाका, पथलैया सेक्टर समेतका घाटगद्धीहरुमा मौज्दात रही जिमेवारी सर्दै आएका पूराना काठहरु समितिको खर्चमा पसाहा, लाल तथा मधुवनमा एक स्थानमा सुरक्षित घाटगद्धी गराई नया नापी लगत तयारगरी विक्रि वितरणको व्यवस्था गरिनेछ । विक्रि हुन नसकेको अवस्था परेमा नियमानुसार चिरानीगरी विक्रि बितरण गरिनेछ अथवा टेण्डर प्रथाद्धारा लिलाम विक्रिगरी समितिको आयश्रोत बढावा दिने कार्य गरिनेछ । नपुग भएको काठ दाउरा निम्न श्रोतवाट उपलब्ध गरी विक्रि वितरण गरिनेछ ।

(क) सामुदायिक वनले समुह बाहिर विक्रि वितरणको लागी छुट्याएका काठ मध्ये २५% काठ र ४०% दाउरा

(ख) साझेदारी वनवाट प्राप्त हुने ५०% काठ दाउरा ।

(ग) जिल्ला वन कार्यालय बारावाट प्राप्त हुने काठ दाउरा ।

(घ) अन्य बेवारिसि, जफ्ती वा अन्य श्रोतवाट प्राप्तहुने काठ दाउरा ।

## १९.३ काठ दाउरा संकलनको दररेट

बिगत आ.व.हरुमा यस समितिलाई हस्तानान्तरण भएको काठ दाउराको संकलन, आपूर्तिको समितिको डिपो सम्मको ढुवानी तथा चिरानी लगायतका कार्य सम्पादन गर्न जि.वि.स.बारावाट आ.व.०७१।७२ को लागि पारित जिल्ला दररेटमा सरदर १० देखि १५ प्रतिशतको बृद्धि गरी देहाय वमोजिमको दररेट कायम गरिएको छ । उपरोक्त दररेट गत आ.ब.को स्वीकृत भई यस आ.ब.को लागि पारित हुन बाँकी रहेकोले नियमानुसार पारित भएको दररेट लागु गरिनेछ ।

**तालिका- ७**

### काठ दाउरा संकलन दररेट

| सि.नं. | कामको विवरण | ईकाइ | गत आ.ब.को स्वीकृत दररेट | यस आ.ब.को प्रस्ताबित दर | कैफियत |
|---|---|---|---|---|---|
| १. | रुख छपान | संख्या | १९।- | २०।- | |
| २. | कटान मुछान | घ.फी. | १९।- | २२।- | |
| ३. | बोका झिक्ने | घ.फि. | ७।- | ८।- | |
| ४. | लोडिग तथा अनलोडिग | घ.फि. | १८।- | २०।- | |
| ५. | जंगल यार्डिग | घ.फि. | ११।- | १३।- | |
| ६. | पायलिग | घ.फि. | १०।- | ११।- | |
| ७ | ढुवानी ५ देखि १० कि.मी. | घ.फि. | २९।- | ३२।- | |
| ६. | ढुवानी १० देखि १५ कि.मी. | घ.फि. | ३१।- | ३५।- | |
| ७. | ढुवानी १५ देखि २० कि.मी. | घ.फि. | ३३।- | ३८।- | |
| ८. | ढुवानी २० देखि माथि कि.मी. | घ.फि. | ४४।- | ४८।- | |
| ९ | दाउरा कटान मुछान | चटा | ३४५०।- | ४०००।- | |
| १० | दाउरा लोडिग | चटा | १९५० ।- | २२००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | दाउरा अनलोडीग | चटा | ७५०।- | १०००।- | |
| १२ | चटा निर्माण | चटा | ९५०।- | १२००।- | |
| १३ | ढुबानी ५ देखि १० कि.मी. | चटा | २२००।- | २५००।- | |
| १४ | ढुबानी १० देखि १५ कि.मी. | चटा | २५५०।- | ३०००।- | |
| १५ | ढुबानी १५ देखि २० कि.मी. | चटा | २७५०।- | ३५००।- | |
| १६ | काठ चिरान | घन फिट | ४५।– | ५५।– | |

## २०. काठ दाउरा आपूर्ति गर्ने तरिका तथा परिमाण

यस आपूर्ति समितिले जि.व.का.बारा, सामुदायिक, साझेदारी वनवाट सरकारी राजश्व दरमा संकलन खर्च तथा मू.अ.कर थपगरी काठ दाउरा खरिद गर्नेछ । आपूर्ति समितिबाट काठ दाउरा उपलब्ध गराउनको लागि जिल्ला भित्रको जनताहरुको माँग निबेदन संकलन गर्नेछ । प्राप्त निबेदन सम्बन्धित सेक्टर वा ईलाका मार्फत समिति सदस्यको रोहबरमा संयुक्त रुपमा काठ दाउरा उपलब्ध गराउन ठीक छ वा छैन चेकजाँच गर्नेछ । काठ दाउराको माँग उचित होकि होइन सोको स्थलगत प्रतिवेदनबाट प्राप्त सिफारिशको आधारमा बोर्ड वैठकवाट निर्णय गराई नियमानुसार काठ दाउराको रकम दाखिला गरेपछि विक्रि डिपोले घाटगद्धीवाट काठ दाउरा उपलब्ध गराउनेछ ।

समितिमा मौज्दात रहेको चिरानी काठ विक्रि वितरण भई सकेपछि उपभोक्ताको माँग बांकी रहेको देखिएमा सामुदायिक तथा साझेदारी वनले उपलब्ध गराई घाटगद्धीमा रहेको गोलिया काठ समेतबाट विक्रि वितरण गर्न सक्नेछ । जिल्ला वाहिरको हकमा सम्वन्धित जिल्लालेनै कागजात मांगगरी रितपूर्बक सिफारिश काठ दाउराको मुल्य वापतको रकमको भौचर वा ड्राफट यस समितिमा प्राप्त भएमा समितिको बोर्ड बैठकको निर्णयानुसार काठ दाउरा सम्बन्धित आपूर्ति समितिलाई कार्यबिधि अनुसार तोकिएको प्रकृया पुरा गरेपछि उपलब्ध गराईनेछ । समितिको बोर्ड बैठकले निर्णय नगरे सम्म जिल्ला बाहिर काठ दाउरा विकि गरिने छैन । आ.व.०७१।७२ मा काठ दाउरा विक्रि वितरणगर्ने सिलसिलामा साविकको कार्ययोजना वमोजिम गठित अनुगमन उप-समितिवाट स्थलगत अनुगमन भई २०७२ अषाढ मसान्त भित्रमा बैकमा रकम दाखिला गरिसकेका निवेदकलाई पहिलो प्राथमिकता दिई कार्ययोजनामा उल्लेखित दररेट अनुसार बोर्ड बैठकको निर्णय अनुसार ०७२ आश्विन महिना देखि काठ दाउरा उपलब्ध गराइनेछ ।

## २०.१ पक्की घर निर्माणका लागि :

यस आपूर्ति समितिबाट जिल्ला भित्रका उपभोक्ताको हकमा पक्कीघर निर्माण गर्नको लागि दफा १३ अनुसार कागजात पेश गरेमा पहिलो पटक बढीमा चिरान काठ ४० क्यू.फिटसम्म दिन सकिनेछ । निबेदकले गोलिया काठ माँग गरेमा सवै ग्रेड मिलाएर साल जातका बढिमा ५० क्यू.फि गोलिया साम्फेदारी बन वा सामुदायिक बन मार्फत दिईनेछ । निबेदकले कुकाठ वा अन्य जातको मांग भएमा स्टक हेरी कुकाठ चिरान ३० क्यू.फि. वा गोलिया ५० क्यू.फि. सम्म उपलब्ध गराउन सकिनेछ । तर गोलिया लिने निबेदकले साम्फेदारी बन वा सामुदायिक बन मार्फत लिनु पर्नेछ । छिमेकी जिल्लाको हकमा प्रति परिवार बढिमा साल र अन्य जातको गोलिया समेत ५० क्यू.फि. सम्म सम्वन्धित जिल्लाको जि.ब.का.मार्फत उपलब्ध गराईनेछ ।

## २०.२ कच्ची घर निर्माणका लागि :

यस आपूर्ति समितिबाट जिल्ला भित्रका उपभोक्ताको कच्ची घर निर्माण गर्नको लागि दफा १३ अनुसार सबै कागजातहरु पेश गरेमा नियमानुसार साल चिरान २५ क्यु.फिट समितिको डिपोबाट वा गोलिया ५० क्यु.फिट सम्म साम्फेदारी वा सामुदायिक बनबाट उपलब्ध गराईने छ ।

## २०.३ घर मर्मत सुधारका लागि :

यस आपूर्ति समितिबाट जिल्ला भित्रका उपभोक्ताहरुको कच्ची वा पक्की घरको मर्मत संभार गर्नको लागि दफा १३ अनुसार सबै कागजातहरु पेश गरेमा साल चिरानी २५ क्यू.फि. समितिको डिपोबाट अथवा गोलिया काठ साल र कुकाठ समेतगरी बढीमा ४० क्यू.फिट सम्म साझेदारी वा सामुदायिक बनबाट समिति मार्फत उपलब्ध गराउन सकिनेछ ।

## २०.४ विकास निर्माण कार्यको लागि :

यस आपूर्ति समितिबाट जिल्ला भित्रका सर्बसाधारण उपभोक्ताको स्थानिय स्तरका विकास निर्माण कार्यको लागि दफा १३ अनुसार सबै कागजातहरु पेश गरेमा लगत ईष्टीमेटको आधारमा साल चिरान काठ १०० क्यू.फि. सम्म वा गोलिया काठ बढीमा १५० क्यू.फिट साल तथा अन्य जात समेत गरी साझेदारी वा सामुदायिक बनबाट समिति मार्फत उपल्वध गराउन सकिने छ । तर विकास निर्माण कार्य ठेक्का पटटा प्रथावाट नभई अनिबार्य रुपमा जनसहभागितावाट संचालन भएको हुनु पर्नेछ ।

## २०.५ दैवी प्रकोपका लागि :

यस आपूर्ति समितिबाट यस जिल्लाका सर्बसाधारण जनता दैवीप्रकोप (आगलगी) मा परेको अबस्थामा दफा १३ अनुसार सबै कागजातहरु पेश गरेमा कच्ची घर निर्माण गर्नको लागि साल बल्लावल्ली १२ थान वा C ग्रेडको ४८" भन्दा कम गोलाई भएको १०' फिट भन्दा बढी लम्बाई भएको गोलिया काठ ३० क्यू.फि.सम्म तोकिएको सहुलियत दररेटमा सामुदायिक बन, साझेदारी बन वा यस समिति मार्फत उपल्वध गराउन सक्नि छ । यस आ.ब.देखि दैबी प्रकोप परेका परिबारलाई आवश्यक पर्ने बल्लाबल्ली साईजको काठ संकलन गर्न बिशेष ब्यवस्था गरिने छ ।

## २०.६. दाउरा आपूर्ति गर्ने परिमाण र प्रकृया

यस जिल्लाको उतरी भागमा रहेको सामुदायिक बन, साझेदारी बन, सरकारी बन समेतबाट पर्याप्त मात्रामा दाउरा उपलब्ध हुने गरेको तर दक्षिणी भागमा बन जंगल नभई केहि मात्रामा निजी बन मात्र रहेकोले बन जंगलको अभाबमा दाउराको उपलब्धता नभएको देखिन्छ । दाउरा खरीद गर्नको लागि दक्षिण भेगका सर्बसाधारण जनताहरु ३०।४० कि.मी. टाढाबाट यस आपूर्ति समितिमा आउने गरेका छन । जिल्ला भित्रका उपभोक्ताले कागजातहरु पेश गरेमा घरकाज तथा धार्मिक कार्य (अष्टजाम/लखराव/यज्ञ/विवाह/ व्रतवन्ध) लगायत दाह संस्कार समेतको प्रयोजनको लागि दाउरा उपलब्ध गराउन दफा १२ बमोजिमका निबेदन तथा आवश्यक कागजातहरु आपूर्ति समितिमा पेश गरेमा नियमानुसार ०.२५ चट्टा १ (एक) पाउ दाउरा अथवा १०.० क्वीन्टल चिरुवा वा बाकल दाउरा तोकिए बमोजिमको रकम दाखिला गराई सा.व. घाटगद्दी अथवा आपूर्ति समितिलाई हस्तानान्तरण भई छोडपूर्जी भएको स्टकवाट अथवा विक्रि डिपोको स्टकवाट अध्यक्षको आदेशानुसार मात्र उपल्वध गराईने छ ।

साझेदारी वनक्षेत्र भित्र साझेदारी वन ब्यवस्थापन समितिको निर्णय अनुसार विभिनन स्थानमा डिपो संचालन भएकोले सो डिपो मार्फत संचालकले सम्वन्धित अनुगमन समितिको सिफारिश र बिगतमा विक्रि गरेको रसिदको ठेली पेशगरेमा साझेदारी बनक्षेत्र वाहिरको गा.वि.स.मा DFSCC को निर्णय अनुसार गा.वि.स को सिफरिस साथ निवेदन दर्ता भएपछि स्थानीय जनताको माँग भन्दा दाउराको मौज्दात बढी देखिएमा पुरानो डिपोलाई दाउरा उपल्वध गराउन सकिने छ । त्यस्तो दाउरा लिन चाहने डिपोहरु आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

**तालिका - ८**

**दाउरा तथा अनसाईज बिक्रि गरिने परिमाण**

| सि.नं | प्रयोजन | किसिम | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरकाज | दाउरा<br>बाकल | चट्टा<br>क्वीन्टल | १/४ (एक चौथाई)<br>१०.० (दश) | |
| २ | धार्मिक कार्य (विवाह<br>व्रतवन्ध, अष्ठयाम | गोलिया दाउरा<br>चिरानी बाकल | चट्टा<br>क्वीन्ट | एक पाउ<br>१०.० (दश) | |
| ३ | सामुहिक यज्ञ | गोलिया दाउरा<br>चिरानी बाकल | चट्टा<br>क्वीनटल | १.० (एक चट्टा)<br>१०.०(दश) | जिल्ला प्रशा.को<br>सिफारीस पेश गर्ने |
| ४ | दाहसंस्कार/श्राद्धकर्म | गोलिया दाउरा<br>बाकल | चट्टा<br>क्वीन्टल | एक पाउ<br>१०.० (दश) | |
| ५ | सामुहिक मेला, जलसा | गोलिया दाउरा<br>चिरानी बाकल | चट्टा<br>क्वीनटल | १.० (एक)<br>१०.० (दश) क्वी. | जिल्ला प्रशा.को<br>सिफारिस पेश गर्ने |
| | घरकाज | अनसाईज | क्वीन्टल | १.० (एक) | |
| | विकास निर्माण | ,, | क्वीन्टल | २.० (दुई) | |

## २१. निवेदनको जांचबुझ प्रकृया

यस समितिमा काठ दाउराको लागि निवेदन पेश गर्दा निबेदकले दफा १३ अनुसारको कागजात तथा घर बनाउने ठाउँसम्म पुग्ने खेश्रा नक्सा र मोबाईल नम्बर समेत अनिवार्य रुपमा दिनु पर्नेछ। उपरोक्त दफा १३ बमोजिमका प्रकृया पूरागरी सिफारिश सहितको निबेदन लगायत अन्य आवश्यक कागजातहरु पेश भएमा निबेदकको सनाखत गराई वास्तविकता बुझी पेश भएका सबै कागजातहरु फिल्ड निरिक्षण गरी GPS Point सहितको प्रतिबेदन पेश गर्नको लागि सम्बन्धित ईलाका बन कार्यालयमा पठाईने छ । विशेष परिस्थितिमा यस समितिका प्राबिधिकवाट पनि सोझै जाँचबुझ गर्न सकिने छ।

## २१.१ फिल्ड निरिक्षण

निबेदकले पेश गरेको दफा १३ अनुसारको कागजात तथा घर बनाउने ठाउँसम्म पुग्ने खेश्रा नक्सा र मोबाईल नम्बरको आधारमा ईलाका बन कार्यालयका स.ब.अ.वा रेन्जर तहका कर्मचारी तथा एक जना बोर्ड सदस्यले संयुक्त रुपमा निवेदकको संधियारको रोहवरमा जाँचबुझ मुचुल्का तयारगरी काठको माँग उचित छ कि छैंन,काठ दिनुपर्ने उचित हुन्छ वा हुदैन सोको संयुक्त सिफारिश आपूर्ति समितिमा पठाउनु पर्नेछ। ईलाका स्तरवाट अनुगमन कार्य हुँदा काठ दाउरा माँग गरेका निवेदकहरुको घरको GPS Point अनिबार्य रुपमा लिनु पर्नेछ। अनुगमनकर्ता कर्मचारीले समितिका १ जना सदस्यलाई अनिबार्य रुपमा सँगै लिएर जानु पर्ने तथा निरिक्षण प्रतिबेदनमा उक्त स्थानको खेश्रा नक्सा तथा सो घरमा जाने बाटो समेत स्पष्ट देखाउनु पर्नेछ। यस प्रकार सम्बन्धित ईलाकाबाट माँग उचित भएको प्रतिवेदन प्राप्त भएपछि बोर्ड बैठकमा छलफल गरी निर्णयानुसार काठ उपलब्ध गराइनेछ।

## २१.२ अनुगमन भई सकेका निबेदकको हकमा

गत आ.व.२०७१।०७२ मा घरकाज, विकास निर्माण तथा दैबी प्रकोपको काठको लागी अनुगमन उप-समितिवाट स्थलगत अनुगमनभई समितिमा प्राप्त अनुगमन प्रतिवेदनको आधारमा ६२ जना व्यक्ति र संघ संस्था तथा १३ जना दैवीप्रकोपमा परेका निबेदकले २०७२ अषाढ ३१ सम्म समितिको आदेशबिना समितिको

एभरेष्ट बैकमा रहेको चल्ति खातामा आफै रकम दाखिला गरेको २०७२ आषाढ महिनाको बैक स्टेटमेन्टबाट देखिन आएको छ । केहि निबेदकले आषाढको अन्तिम सातामा यस समितिमा एक प्रति भौचर समेत पेश गरेको तथा काठ समेत नलिएको हुँदा आर्थिक वर्ष बदलिएको कारण साउन महिनामा काठ पाउन नसकेकाले ती रकम जम्मा गरि सकेका व्यक्तिहरुलाई काठ दाउरा दिन प्राथमिकतामा राखि घरकाजको हकमा हालको मौज्दात स्टकवाट कार्ययोजनामा उल्लेखित दररेट अनुसार जेजस्तो नाप साईज तथा ग्रेडको काठ चाहिने हो त्यस्तो नाप साईजको काठ नियमानुसार थपरकम दाखिला गराई उपल्वध गराईने छ । कार्ययोजना बन बिभागबाट स्वीकृत भए पछि स्थानीय रेडियो मार्फत सर्ब साधारणलाई थप जानकारी गराईनेछ ।

## २२. छिमेकी जिल्लाको हकमा

छिमेकी जिल्लाहरु मध्ये रौतहट तथा मकवानपुर जिल्लालाई काठको आबश्यकता नरहेको तथा पर्सा जिल्लाको उपभोक्ताको हकमा बारा जिल्लाले सहयोग गर्नुपर्ने भएको हुँदा सम्बन्धित पर्सा जिल्लाको जि.ब.अ. बाट काठमाँगको बारेमा निबेदनको जाँचबुझ आफनै जिल्लाबाट अधिकृत खटाई गर्न लगाउनु पर्नेछ । यस आपूर्ति समितिलाई पर्सा जिल्ला बन कार्यालयबाट निबेदकहरुको नामावाली सहित काठको सिफारिश तथा सोको रकम गर्नु दाखिला गर्नु पर्नेछ । छिमेकी जि.ब.का.मार्फत माँग भएको काठ दाउराको सिफारीश ठीक छ वा छैन सो कार्यको जाँचबुझ गर्ने कार्य सम्बन्धित जि.व.अ.कोनै हूनेछ । काठ दिनुपर्ने उचित हो वा हाईन सोको छानवीन नगरी काठ दाउरा उपलब्ध गराउन सिफारिश गरेमा पछि कुनै किशिमको बिवाद वा गलत ठहर भएमा सोको जिम्मेबारी सिफारीश गर्ने सम्बन्धित जिल्ला बन कार्यालयलेनै लिनु पर्नेछ ।

## २३. पुनः काठ दिने सम्वन्धी प्राबधान

यस समितिबाट विगतमा केहि मात्रामा चिरान काठ लिई सकेका निबेदकले काठ अपुग भएकोले थप काठ उपलब्ध गराई दिन माँग गरेमा विगतमा समितिवाट काठ लिएको परिमाण हेरी नेपाल सरकारबाट जारी वनपैदावार आपूर्ति समिति संचालन कार्यविधि निर्देशिका २०६३ ले तोकेको परिमाणमा नबढने गरी पूनः घरको निर्माण कार्यको अनुगमन गर्ने कार्य गर्न लगाई सबै प्रकृया पूरागरी बोर्ड बैठकको निर्णय अनुसार यस आ.ब.मा थप २५ क्यू.फि.सम्म साल चिरान काठ उपलव्ध गराउन सकिनेछ ।

## २४. समिति वैठक संचालन :

यस समितिको वोर्ड वैठक कम्तीमा २ महिनामा १ पटक गरी बार्षिक ६ पटक अनिबार्य वस्नेछ । तर विशेष परिस्थितिमा कुनै पनि समयमा आकस्मिक वैठक वस्न सक्नेछ । वैठकमा सम्वन्धित पदाधिकारीहरु वाहेक सरोकारवाला अन्य व्यक्तिहरुलाई समेत आमंत्रित गर्न सकिनेछ । आपूर्ति समितिको वैठकमा समितिको सामान्य कृयाकलापहरु लगायत काठ दाउराको प्राप्ति, बिकि, बितरण, अनुगमन लगायतका बिभिन्न बिषयमा छलफल हुनेछ । बैठक भत्ता वापत प्रति व्यक्ति प्रति वैठक रु. १०००।- (कर सहित) उपलव्ध गराईने छ ।

## २५ रा.ब.बाट प्राप्त हुने काठ दाउराको अनुमान :

आ.व.०७१।०७२ मा यस जिल्लाको राष्ट्रिय वन जंगलवाट संकलन भएका तथा यस आ.व. ०७२।७३ मा संकलन हुने काठ दाउरा समेतबाट तपसिलको तालिका ९ मा उल्लेख भए वमोजिमको परिमाणको काठ तथा दाउरा यस समितिलाई प्राप्त हुने अनुमान गरिएको छ । सोकाठ दाउरा टि.सि.एन.नेपालले संकलन गरेको बिभिन्न प्लटहरुबाट जि.ब.का.बारालाई छुटयाउने ५० प्रतिशत काठ दाउराबाट प्राप्त हुनेछ ।

## तालिका - ९

| सि.नं. | किसिम | ०७१।७२ को जिमेवारी सरेको क्यू.फि. | ०७२।७३ मा प्राप्त हुने क्यू.फि. | जम्मा क्यू.फि. | कैफियत |
|---|---|---|---|---|---|
| १. | गोलिया काठ घरकाज | अल्या ५१०७.४१ क्यू.फि. | रा.ब.तर्फ ३५००० क्यू.फि. | ४०,००० क्यू.फि. | केहि काठको स्थिति खराव छ |
| २. | गोलिया काठ विकास | छैन | ५००० क्यू.फि. | ५,००० क्यू.फि. | |
| ३. | गोलिया काठ दैवीप्रकोप | साल- ३२०.० | ४६८० क्यू.फि. | ५,००० क्यू.फि. | |
| ४. | चिरान काठ घरकाज | साल- ८२९४.८३ अन्य - ६५३.० | - | ८२९४.८३. र ६५३.० क्यू.फि. | विक्रिडिपो सिमरा तथा पथलैयामा रहेको |
| ५. | अनसाईज काठ घरकाज | २००.७५ क्वी. | - | २००.७५ क्वी. | |
| ६. | दाउरा चट्टा घरकाज | ६.२५ चट्टा | ६०.० चट्टा | ६६.२५ चट्टा | |
| ७. | दाउराबाकल घरकाज | ७७२.३२ क्वी. | - | ७७२.३२क्वी. | चलानी अनुसार |

## २६. सामुदायिक तथा साझेदारी बनबाट प्राप्त हुने काठ दाउराको अनुमान

यस आपूर्ति समितिलाई बिगत जस्तै यस आ.ब.मा पनि जिल्लामा रहेका बिभिन्न ७ बटा सामुदायिक बनहरुको बैज्ञानिक बन व्यवस्थापन कृयाकलाप संचालन गर्दा उत्पादन हुने काठ दाउरा समुह भित्रमा खपत नहुने संभाबना भएकोले समुह बाहिर बिकि गर्नु पर्नेभै यस समितिलाई थप काठ दाउराको आय हुनेछ। साथै सामुदायिक बनको बार्षिक उत्पादित काठ दाउरा मध्ये लिलामी हुने काठको २५ प्रतिशत तथा दाउरा ४० प्रतिशत र साझेदारी बनको बैज्ञानिक बन व्यवस्थापन कृयाकलाप संचालनगर्दा कुल उत्पादनको ५० प्रतिशत काठ तथा दाउरा देहाय बमोजिमको परिमाणमा प्राप्त हने अनुमान गरिएको छ।

### तालिका - १०

### जि.ब.का.बाट प्राप्त हुने सा.ब.तर्फको काठ

| सि.नं. | प्राप्त हुने श्रोत | प्रयोजन | ०७१।७२को जिमेवारी क्यू.फि. | आ.व.०७२।७३ मा प्राप्त हुने क्यू.फि. | जम्मा क्यू.फि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक बन बाट | घरकाज र बिकास दैबी प्रकोप | साल र अन्य ३१०७.४१ | साल र अन्य ५०००.० | साल र अन्य ८१०७.४१ | |
| २ | साझेदारी बन बाट | घरकाज र बिकास दैबी प्रकोप | साल तथा अन्य जात ७२०.१६ | साल १५००० अन्य ५००० | साल तथा अन्य जात २०७२०.१६ | |
| जम्मा | | | | **२५०००.०** | **२८८२७.५७** | |

आ.व.२०७२।०७३ को लागी अनुमानित काठ दाउरा २५००० क्यु.फि. भन्दा बढी माँग हुन आएको खण्डमा जि.व.का.बारा मार्फत थप काठ दाउराको श्रोत जुटाईसमेत विक्रि वितरण गर्न सकिनेछ।

## २७. गोलिया काठ/दाउराको विक्रि दररेट –

यस आ.व. ०७२।७३ मा यस समितिलाई जि.बन.का., सामुदायिक बन तथा साझेदारी बनबाट प्राप्त हुने काठ दाउरा समेतको गत आ.ब.को दररेटको आधारमा बजार भाउ तथा टि.सि.एन.को दररेटलाई आधार मानि तपसिलको तालिका ११ मा उल्लेख भए वमोजिमको दररेट निर्धारण गरिएकोछ ।

### तालिका - ११

### गोलिया काठ/दाउराको विक्रि दररेट

| सि.न. | प्रयोजन | जात | ग्रेड | ईकाइ | राजश्व रु. | संकलन खर्च रु. | डिपो सुरक्षा खर्च | सेवा शुल्क रु. | जम्मा विक्रि मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | घरकाज र विकास निर्माणको लागी काठ | साल | A | क्यू.फि | ८००।- | १८०।- | १००।- | ४००।- | १४८०।- |
| | | | B | ” | ५००।- | १८०।- | १००।- | ४००।- | १२८०।- |
| | | | C | ” | ३००।- | १८०।- | १००।- | ३००।- | ९८०।- |
| | | असना,कर्मा, सिरिष,जामुन | A | ” | ३००।- | १८०।- | १००।- | २००।- | ६३०।- |
| | | | B | ” | २००।- | १८०।- | १००।- | २००।- | ५८०।- |
| | | सान्दन आदि | - | ” | ३००।- | १८०।- | १००।- | २००।- | ७८०।- |
| | | जंगली सिसौ | A | ” | १०००।- | १८०।- | १००।- | ३००।- | १४८०।- |
| | | | B | ” | ८००।- | १८०।- | १००।- | २००।- | १२८०।- |
| | | | C | ” | ५००।- | १८०।- | १००।- | २००।- | ९८०।- |
| | | वृक्षारोपण सिसौ | A | ” | ५००।- | १८०।- | १००।- | २००।- | ९८०।- |
| | | | B | ” | ३००।- | १८०।- | १००।- | २००।- | ७८०।- |
| २. | दैवीप्रकोपको काठ | साल | C | ” | ३०।- | १८०।- | १००।- | २००।- | ५७०।- |
| ३. | घरकाज,धार्मिक कार्य र डिपोको लागी दाउरा | साल | - | चट्टा | ४०००।- | १२,६५०।- | २०००।- | ५०००।- | २३६५०।- |
| | | सिसौ, टिक | - | ” | ६०००।- | १२६५०।- | २०००।- | ५०००।- | २५६५०। |
| | | अन्य जात | - | ” | २०००।- | १२६५०।- | २०००।- | ५०००।- | २१६५०।- |

## २८. चिरान काठको बिकि दररेट :

यस आ.व. ०७२।७३ मा यस समितिलाई बिगतबाट अल्या भई प्राप्त भएको चिरान काठ तथा यस आ.ब.मा जि.बन.का.बाट प्राप्त हुने गोलिया काठ नियमानुसार चिरान गराई प्राप्त हुने चिरान काठ समेतको गत आ.ब.को दररेटको आधारमा बजार भाउ तथा टि.सि.एन.को दररेटलाई आधार मानि तपसिलको तालिका १२ मा उल्लेख भए वमोजिमको चिरान दररेट निर्धारण गरिएको छ ।

**तालिका - १२**

**चिरान काठको बिकि दररेट**

| सि.नं. | प्रयोजन | जात | इकाई क्यू.फि. | राजशव रु. | घाटगढ्ढी खर्च रु. | मिल सम्मको ढुवानी खर्च (चिरान तथा गोलिया ) | चिरानी तथा मिलबाट ढुवानी लागत खर्च रु. | डिपो सुरक्षा खर्च | सेवा शुल्क रु. | जम्मा विक्रि मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | घरकाज तथा विकास निर्माण | साल A | क्यू.फि. | १४८०।- | १८०।- | ६०।- | १००।- | १००।- | ७००।- | २६२०।- |
| | | साल B | ” | १२८०।- | १८०।- | ६०।- | १००।- | १००।- | ६००।- | २३२०।- |
| | | साल C | ” | ९८०।- | १८०।- | ६०।- | १००।- | १००।- | ६००।- | २०२०।- |
| | | Rejected | ,, | ९८०।- | १८०।- | ६०।- | १००।- | १००।- | ४००।- | १८२०।- |
| | | असना, कर्मा, जामुन | ” | ६३०।- | १८०।- | ६०।- | १००।- | ५०।- | ५००।- | १५४०।- |
| | | हर्रोवरो, बाभ्फी | ” | ५८०।- | १८०।- | ६०।- | १००।- | ५०।- | ३००।- | १२७०।- |
| | | अन्य जात | ” | २००।- | १८०।- | ६०।- | १००।- | ५०।- | ३००।- | ८९०।- |

## २९. अनसाईज तथा बाकलको दररेट

उपरोक्त अनुसार प्रस्तावित कार्य योजना वमोजिम काठको चिरानी गर्ने कार्य संचालन गर्दा विभिन्न ग्रेडका काठ दाउरा तथा अनसाईज र बाकल उत्पादन हुने भएकोले अनसाईज बाकल तथा भुसको दररेट नियमानुसार हुनेछ ।

**तालिका - १३**

### अनसाईज तथा बाकलको दर रेट

| सि.नं. | जात | खुद्रा | | |
|---|---|---|---|---|
| | | अनसाईज/क्वीनटल | बाकल/क्वीनटल | भुष/के.जी. |
| १. | साल | १७००।- | ९००।- | ३।- प्रति के.जी. |
| २. | सिसौ, टिक, जामुन कर्मा | ११००।- | ७००।- | ३।- प्रति के.जी. |
| ३. | अन्य जात | १०००।- | ५००।- | ३।- प्रति के.जी. |

**नोटः-**(i) **A** ग्रेडको चिरान भन्नाले उपभोक्ताले आफै छानेको चौपात, फेन्टा, कडी, डाढ, कुनै पनि दाग किरा नलागेको, प्वाल नपरेको, सफा र असल काठलाई जनाउँछ ।

(ii) B ग्रेडको चिरान काठ भन्नाले कडी, डाढ, असल, कमसल मिश्रित केहि दाग र एक दुई बटा प्वाल समेत भएको काठलाई जनाउँछ ।
( B ग्रेडमा चौपाता र फेन्टा काठ दाग प्वाल भए पनि दिइने छैन)

(iii) C ग्रेडको काठ भन्नाले २ भन्दा बढी ठाउँमा किरा प्वाल लागेको वा भएको, चिरान केहि मकिएको, केहि भाग फाटेको ५ फिट सम्मको लम्वाई भएको सानो सानो चिरानी काठलाई जनाउँछ । यसमा A, B र C ग्रेड काठ विक्रि भएपछि बाँकी रहेका rejected काठलाई ईच्छुक जनताले लिन चाहेमा नियमानुसार उपलब्ध गराईनेछ । (उपरोक्त उल्लेखित वमोजिमको चिरानी काठलाई ग्रेडिङ्ग गर्ने कार्य आपूर्ति समितिवाट डिपोमा खटिएका कर्मचारीवाट नापपैमाइस भई चाङ लगाई सोको एकिन परिमाण सहितको लगत खटिएका कर्मचारी मार्फत समितिमा प्राप्त भएपछि सदस्य सचिबबाट सोको निरिक्षण गरी रकम दाखिला गराई छोडपूर्जीको कार्य गरिनेछ ।

## तलिका १४, आ.व. २०७२।०७३ को प्रस्तावित काठ दाउरा विक्रि तथा आम्दनी रकमको अनुमानित विवरण

| सि.न. | प्रयोजन | जात ग्रेड | किसिम | परिमाण(क्यू.फि.) | दर रेट | लागत रकम रु. | अनुमानित चिरान | दररेट | जम्मा आम्दनी | खुद बचत रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. क | घरकाज | साल A | गोलिया | १०,०००.० | ९८०।- | ९८,००,०००.० | ७०००.० | २६२०।- | १,८३,४०,००० | ८५,४०,००० | |
| ख. | ” | साल B | ” | २०,०००.० | ६८०।- | १,३६,००,०००.० | ११,६००.०० | २३२०।- | २,६९,१२,००० | १,३३,१२,००० | |
| ग. | ” | साल C | ” | ७,०००.० | ४८०।- | ३३,६०,०००.० | २४५०.० | २०२०।- | ४९,४९,००० | १५,८९,००० | |
| घ. | ” | कुकाठ A | ” | २,०००.० | ४८०।- | ९,६०,०००.० | १४००.० | १५४०।- | २१,५६,००० | ११,९६,००० | |
| ङ | ” | कुकाठ B | ” | १,०००.० | ३८०।- | ३,८०,०००.० | ५५०.० | ९९०।- | ५,४४,५०० | १,६४,५०० | |
| २.क | विकास | साल A | गोलिया | २,०००.० | ९८०।- | १९,६०,०००.० | - | १४८०।- | २९,६०,०००।- | १०,००,०००।- | |
| ख | ” | साल B | ” | ३,०००.० | ६८०।- | २०,४०,०००.० | - | १२८०।- | ३८,४०,०००।- | १८,००,०००।- | |
| ३ | दैवी प्रकोप | साल C | ” | ५,०००.० | २१०।- | १०,५०,०००.० | - | ५७०।- | २८,५०,०००।- | १८,००,०००।- | |
| ४.क | घरकाज | साल A | चिरान **A** | २,०००.० | १५६०।- | ३१,२०,०००।० | २,०००.० | २६२०।- | ५२,४०,०००।- | १४,००,०००।- | ०७१।०७२ को मौज्दात चिरान काठ |
| ख. | ” | साल B | ” B | ४,०००.० | ११४०।- | ४५,६०,०००।० | ४०००.० | २३२०।- | ९२,८०,०००।- | २४,००,०००।- | |
| ग. | ” | साल C | ” C | १६४४.८ | ८६०।- | १४,१४,५२८।० | १६४४.८० | २०२०।- | ३३,२२,४९६।- | ९,८६,८००।- | |
| ५ | घरकाज | अन्य | ” | ६५३.० | ७२० ।- | ४,७०,१६०।० | ६५३.० | १५४०।- | १००५६२०।- | १,९५,९००।- | ” |
| ६ | ” | साल | अनसाईज वी.) | २००.७५ | – | ……. | ३,१०० | १७००।- | ५१,००,०००।- | ५१,००,०००।- | „ |
| ७ | | साल | बाकल (क्वी.) | ७३६.० | – | …… | १७३६ | ९,००।- | १५५९७००।- | १५,५९,७०० | „ |
| ८ | ” | „ | भुस (क्वी.) | ४५०.० | - | ….. | १६५० | ३००।- | ४,९५,०००।- | ४,९५,०००।- | „ |
| ९.क | ” | ” | दाउरा चटा | ४०.० | १६,६५०।- | ६,६६,०००.० | - | २३६५०।- | ९,४६,०००।- | २,८०,०००।- | |
| ख. | ” | अन्य | दाउरा चटा | २३.० | १४६५०।- | ३,३६,९५०.० | - | २१,६५०।- | ४,९७,९५०। | १,६१,०००।- | |
| १०.क | घरकाज | साल A | गोलिया | ५,०००.०० | ९८०।- | ४९,००,०००.० | - | १४८०।- | ७४,००,०००।- | २५,००,०००।- | |
| ख. | ” | साल B | ” | ९,०००.० | ६८०।- | ६१,२०,०००.० | - | १२८०।- | १,१५,२०,००० | ५४,००,०००।- | |
| ग. | ” | साल C | ” | १,०००.०० | ४८०।- | ४,८०,०००.० | - | ९८०।- | ९,८०,००० | ५,००,०००।- | |
| ११.क | ” | कुकाठA | ” | ३,०००.०० | ४८०।- | १४,४०,०००.० | - | ६३०।- | १८,९०,००० | ४,५०,०००।- | साझेदारी वनवाट प्राप्त |
| ख. | ” | कुकाठ B | ” | २,०००.०० | ३८०।- | ७,६०,०००.० | - | ५८०।- | ११,६०,००० | ४,००,००० | |
| | **कुल जम्मा** | | | | | **५,७४,१७,६३८।-** | | | **११,२९,४८,२६६।-** | **५,५५,३०,६२८।-** | |

## ३०. आ.व.२०७२।०७३ को प्रस्ताबित अनुमान

उपरोक्त तालिका १४ अनुसार यस आपूर्ति समितिलाई चालु आ.ब.२०७२।०७३ मा राष्टीय बनबाट लगभग ५०,००० घन फिट काठ, साफ्ेदारी बन तथा सामुदायिक बनबाट २०,०००.० घन फिट काठ तथा ६३ चटा दाउरा समेत ७०००० घन फिट गोलिया काठ जिल्ला वन कार्यालय बारा मार्फत उपलव्ध भएमा सो गोलिया काठ र डिपोमा हाल मौज्दात चिरान काठ ७६४४.८ घन फिट समेतको विक्रि बितरणबाट प्राप्त आयको आधारमा वार्षिक वजेट प्रस्ताव गरिनेछ। सामुदायिक बन, साफ्ेदारी बनको काठ समुह तथा समिति संग सहकार्य गरि सोही क्षेत्रका दक्षिणी भेगमा रहेका उपभोक्तालाई समुह र समिति तथा आपूर्ति समितिको सिफारीश अनुसार घरकाज, बिकास निर्माण तथा दैबी प्रकोप प्रयोजनमा २०,००० घ.फि. गोलिया काठ तोकिएको घाटगदीबाट नियमानुसार मुल्य लिई बिक्रि गरिनेछ। ४५,००० घन फिट गोलिया काठको नियमानुसार चिरान गराई प्राप्त चिरान काठ समितिको निर्णयानुसार तोकिएको मुल्यमा बिक्रि गरिने छ। साथै ५००० घन फिट काठ दैवी प्रकोप पिडितहरुलाई उपलब्ध गराईने छ।

## ३१. विक्रि दररेटको पुष्टयाई

(क) चिरान तथा गोलिया काठको हकमा रावश्व, उत्पादन खर्च, लोड अनलोड, घाटगद्धी खर्च, ढुवानी खर्च, सुरक्षा खर्च, ओभरहेड र सेवा शुल्क वजारभाउ समेत विचार गरी जि.व.पै.आ.स.को कार्यान्वयन निर्देशिका २०६३ को परिच्छेद ४ को ८(२) अनुसार जम्मा हुने रकम लिई नियमानुसार बोर्ड बैठकमा निर्णय गराई बिक्रि वितरण गरिनेछ। उक्त दरमा नियमानुसार लाग्ने मु.अ.कर थप समेत लाग्नेछ।

(ख) अन्य जातको गोलिया तथा चिरान काठको हकमा न्युनतम रावश्व, उत्पादन खर्च, घाटगद्धी सुरक्षा खर्च र सेवा शुल्क समेत गरेर जम्मा हुने रकम लिई नियमानुसार बोर्ड बैठकमा निर्णय गराई विक्रि वितरण गरिनेछ। उक्त रकममा नियमानुसार लाग्ने मु.अ.कर समेत थप लाग्नेछ।

(ग) जि.ब.का.बाट हस्तानान्तरण भएका चिरान काठको हकमा नियमानुसार राजशव, लोड अनलोड, दोहरो ढुवानी खर्च, चिरान खर्च र घाटगद्धी सुरक्षा खर्च ओभरहेड देहाय वमोजिम सेवा शुल्क समेत गरी विक्रि मूल्य कायमगरी नियमानुसार बोर्ड बैठकमा निर्णय गराई विक्रि वितरण गरिनेछ।

(घ) घरकाज, विकास निर्माणको लागी गत आ.व. २०७१।०७२ मा काठ विक्रि वितरण गर्दा काठ लिने कतिपय निवेदकले डिपोमा आफूलाई चाहिने साईज अनुसारको काठ छानी छानी मात्र माँग गर्ने गरेको र त्यसो उपलब्ध नगराउदां आनावश्यक विभिन्न किशिमका दबाव सृजना गरी फ्रैंफमेला गर्ने गरेको अनुभव समेतलाई मनन्गरी चालू आ.व.मा त्यस प्रकारको अनावश्यक फंफ्ठ र फमेलालाई निरुत्साहित गर्न सर्बसुलभ तवरवाट चिरानी काठ विक्रि गर्न चिरान काठको A B C ग्रेडिङ गरी उपरोक्त तालिका १२ मा उल्लेख भएअनुसारको मूल्य लिई विक्रि वितरणको व्यवस्था मिलाईने छ। सो रकममा मू.अ.कर थप लागनेछ।

(ङ) विक्रि डिपोह्रुमा आपूर्ति समितिको तर्फवाट ज्यामी तथा कर्मचारीको व्यवस्थागरी विक्रि हुने काठको चाङ लगाईने छ। एउटा चाङ लगाए वापतको खर्च रु.४००।- आपूर्ति समितिले खरिदकर्ता संग थप असुल गर्नेछ। चाङमा नम्बरीङ्ग गरी सहमति भएमा आफुखुशी दिईने छ नभएमा गोला प्रथाको प्रकृयावाट प्राथमिकता क्रमको आधारमा गोला हानी विक्रि वितरणको व्यवस्था मिलाईने छ। आफनै तर्फवाट A ग्रेडको काठ मात्र छानी आपैले लोड गरि लैजाने निबेदकसंग उपरोक्त रकम रु ४००।० थप लिईने छैन। B

ग्रेडको चिरानी काठको छुटाछुटै चाङ लगाउँदा ३५.० क्यू.फि. कडी र ५.० क्यू.फि. डाढसाईजको पातलो चिरान काठ (असल, कमसल) समेत मिसाई ४० (चालीस) क्यू.फि. को चाङ लगाइने व्यवस्था गरिनेछ ।

(च) गोलिया काठलाई चिरान गर्दा चिरान काठको अलवा अनसाईज (बेसाईज), बाकल⁄ कटपिस⁄ रिजेकसन र भुस समेत उपउत्पादन हुने हुदां उक्त उप-उत्पादन (Byproducts) लाई तालिका १३ अनुसारको मूल्यमा विक्रि वितरण गरिने छ ।

(छ) पथलैया विक्रि डिपोमा आ.व. ०७०।७१ को अन्य जातको चिरानी काठ ६५३.० क्यू.फि. मौज्दात रहेकोले उक्त काठलाई समयमै विक्रि वितरण नगरेको खण्डमा घाम पानिले सो काठको हैसियत दिनानुदिन विग्रिदैं गई काम नलाग्ने अवस्थामा पुग्ने र यसवाट आपूर्ति समितिको लागत खर्च डुबने हुदां उक्त काठलाई सि ग्रेड कायमगरी प्रकृया पुऱ्याई यथाशिघ्र विक्रि वितरण गरिने छ । विक्रि हुन नसकेमा नियमानुसार सूचना जारी गरी लिलाम गरी बिक्रि गरिनेछ ।

# ३२ आ.व.२०७२।०७३ को वार्षिक वजेट अनुमान

## ३२.१ मासिक भताको अनुमान

यस आपूर्ति समितिको दैनिक कार्यालय संचालन गर्न तथा काठ दाउराको संकलन, ढुवानी, खरीद, चिरानी तथा विक्रि बितरण लगायतका सबै कामको व्यवस्थापनगर्न अध्यक्ष (जि.व.अ.) देखि वनरक्षक सम्म प्रत्यक्ष संलग्न हुने तालिका १५ अनुसार कर्मचारीहरुलाई काम काजमा लगाउनु पर्ने भएकोले ती प्रत्यक्ष रुपमा संलग्न कर्मचारीहरुलाई मासिक भत्ता स्वरुप देहाय वमोजिमको रकम उपलब्ध गराइने छ । यो रकम समितिको जम्मा आयको २५ प्रतिशतले कायम हुने प्रसाशनिक खर्चको शिर्षकबाट दिईने छ ।

**तालिका - १५**

**मासिक भताको अनुमान**

| सि.नं. | पद | कर्मचारी संख्या | प्रति महिना भता रु. | अवधि महिना) | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अध्क्षय | १ | ३५००।- | १२ | ४२,०००।- | जि.ब.अ.ले सबै हेर्ने |
| २. | सदस्य सचिव | १ | २५००।- | १२ | ३०,०००।- | व.व.अ.बाट संचालन हुने |
| ३. | स.व.अ. | १ | २२००।- | १२ | २६,४००।- | आपूर्ति फाँट संचालन गर्ने |
| ४ | स.व.अ. | १ | २०००।- | १२ | २४,०००।- | सदुपयोगबाट काठ दिने |
| ५ | स.ब.अ. | १ | २०००।- | १२ | २४,०००।- | योजना बाट काठ दिने |
| ६. | लेखा अधिकृत | १ | १८००।- | १२ | २१,६००।- | लेखा शाखाले रेकर्ड राख्ने |
| ७. | शाखा अधिकृत | १ | १८००।- | १२ | २१,६००।- | प्रशासन बाट कर्मचारी खटन |
| ८. | रेन्जर | १ | १७०० ।- | १२ | २०,४०० ।- | फिल्ड कार्यको काम गर्ने |
| ९. | स्टोर किपर | १ | १६०० ।- | १२ | १९,२०० ।- | खाता दुरुस्त गर्ने |
| १०. | स.ले.पा. | १ | १६०० ।- | १२ | १९,२०० ।- | खता संचालन गर्ने |
| ११. | फरेष्टर | १ | १५००।- | १२ | १८,०००।- | जि.ब.का. |
| १२. | फरेष्टर | १ | १५००।- | १२ | १८,०००।- | मिल प्रतिनिधि |
| १३ | वन रक्षक | २ | १२००।- | १२ | २८,८००।- | डिपोमा बस्ने |
| जम्मा | | | | | **३,१३,२००।-** | |

## ३२.२. बैठक भताको खर्च अनुमान

यस आपूर्ति समितिको बोर्ड बैठक संचालन गर्नको लागी समितिको पदेन सदस्य तथा आमन्त्रित सदस्यहरु गरी लगभग १०-११ जना ब्यक्ति प्रत्येक बैठकमा सहभागी हुने भएकोले सोको लागी आवश्यक बैठक भत्ता जनही रु. १०००।- को दरले तपसिल अनुसार उपलब्ध गराईने छ । यो बैठक भताको रकम समितिको कुल आयको २५ प्रतिशतले कायम हुने प्रसाशनिक खर्चको शिर्षकबाट दिईने छ ।

**तालिका - १६**

**बैठक भताको अनुमान**

| सि.न. | पद | संख्या | पटक | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | ६ | १०००।- | ६०००।- | जि.ब.अ. |
| २ | पदेन सदस्य | ३ | ६ | १०००।- | १८००० ।- | नेपाल सरकार |
| ३ | मनोनित सदस्य | २ | ६ | १०००।- | १२०००।- | बन मन्त्रालय |
| ४ | जि.ब.स.स.सदस्य | १ | ६ | १०००।- | ६०००।- | जि.ब.स.स. |
| ५ | आनन्त्रित सदस्य | ४ | ६ | १०००।- | २४०००।- | अन्य |
| ६ | सदस्य सचिब | १ | ६ | १०००।- | ६०००।- | ब.ब.अ. |
| ७ | सबारी चालक | ३ | ६ | ५००।- | ९०००।- | |
| ८ | का.सहयोगी | १ | ६ | ३००।- | ३६००।- | |
| ९ | चियापान | १६ | ६ | १५०।- | १४,४००।- | |
| | जम्मा | | | | **१,१६,४००।०** | |

## ३२.३ कर्मचारीको पारिश्रमिक खर्च

यस आपूर्ति समितिको काठ दाउराको संकलन, खरीद, ढुवानी, चिरानी तथा विक्रि बितरण लगायतका सबै दैनिक प्रसाशनिक कामकाज गर्न, फिल्डको कामकाजको व्यवस्थापन गर्न, कार्यालय संचालन गर्न, कार्यालयको सरसफाई र सुरक्षा गर्नको लागि केहि कर्मचारीलाई करारमा राखी कामकाज गर्न लगाउने भएकोले तपसिलका करारमा रहेका ज्यालादारी कर्मचारीहरुलाई देहाय बमोजिमको मासिक ज्याला उपलब्ध गराईनेछ । आपूर्ति समितिको कार्यालय सहायक, कमप्युटर अपरेटर, चौकीदार अर्थात कार्यालय सहयोगी तथा सबारी चालक कर्मचारीहरुलाई काम काजमा लगाउनु पर्ने भएकोले ती प्रत्यक्ष रुपमा संलग्न कर्मचारीहरुलाई करारमा मासिक पारिश्रमिक स्वरुप देहाय वमोजिमको रकम उपलब्ध गराइने छ ।

**तालिका - १७**

**करार कर्मचारीको पारिश्रमिक बिवरण**

| सि.नं | पद | संख्या | दर | महिना | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यालय सहायक | १ | १०,०००।- | १२ | १,२०,०००।- | |
| २. | स.कम्प्युटर अपरेटर | १ | १०,०००।- | १२ | १२०,०००।- | |
| ३. | हलुका सवारी चालक | १ | १२,०००।- | १२ | १,४४,०००।- | |
| ४. | कार्यालय सहयोगी | २ | ९,०००।- | १२ | २,१६,०००।- | |
| | जम्मा | | | | **६,००,०००।०** | |

## ३३. प्रशासनिक खर्चको अनुमान

यस आपूर्ति समितिको दैनिक प्रसाशनिक कामकाज गर्न, फिल्डको कामकाजको व्यवस्थापन गर्न, कार्यालय संचालन गर्न, कार्यालयको सरसफाई र सुरक्षा गर्नको लागि आपूर्ति समितिको आ.ब.०७१।०७२ को खुदआय ७१,८६,७५३।२२ मात्र भएकोले सोको २५ प्रतिशतले हुने रकम रु.१८,३७,८८२।०५ को परिधि भित्र रही तपसिलको तालिका १८ बमोजिम प्रसाशनिक खर्चको प्रस्ताब गरिएको छ । केहि कर्मचारीलाई करारमा राखी कामकाज गर्न लगाउने भएकोले करारमा रहेका ज्यालादारी कर्मचारीहरुको ज्याला, स्थायी कर्मचारीको मासिक भता, बैठक भता, घर भाडा, पानी, बिजुली, संचार उपलब्ध गराईनेछ ।

**तालिका - १८**

**प्रसाशनिक खर्चको बिवरण**

| सि.नं. | शिर्षक | विवरण | आ.व.०७०।०७१ को खर्च | आ.व. ०७१।०७२ को खर्च | आ.व.०७२।०७३ को प्रस्तावित वजेट |
|---|---|---|---|---|---|
| १. | २११११ | परिश्रमिक (तलब) | २८९२२५।- | ३,२१,०००।- | ६,००,०००।- |
| २. | २१११९ | मासिक भता | ३०४८७७।- | ३,५६,०००।- | ३,१३,२००।- |
| ३ | २१११९ | वैठक भता | | १००,०००।- | १,१६,४००।- |
| ४. | २२३११ | भ्रमण भता | ६८३६०।- | ५००००।- | ८०,०००।- |
| ५. | २२१११ | पानि तथा विजुली महसुल | ६००००।- | ३०,०००।- | २५,०००।- |
| ६. | २२११२ | सञ्चार महसुल | ४००००।- | २५०००।- | २५,०००।- |
| ७. | २२१२१ | घर भाडा | ३१२००।- | - | ६०,०००।- |
| ८. | २२२११ | ईन्धन | २०००००।- | १,७५,०००।- | २,००,०००।- |
| ९. | २२२१२ | संचालन तथा मर्मत संभार | १४८६५६।- | १,५०,०००।- | २,००,०००।- |
| १०. | २२३११ | कार्यालय सम्वन्धि खर्च | ९९७८०।- | ८५०००।- | १,००,०००।- |
| ११ | २२७११ | विविध | ४९९७१।- | २५०००।- | ३०,०००।- |
| जम्मा | | | १२९२०६९।- | १२,१७,०००।- | **१७,४९,६००।-** |

## ३४. कार्यक्रम खर्चको अनुमानित बिवरण

यस आपूर्ति समितिको लागि यस आ.ब. ०७२।७३ मा आवश्यक पर्ने गोलिया काठ तथा दाउरा जिल्ला बन कार्यालय, टि.सि.एन., सामुदायिक बन, साफेदारी बन लगायतका बिभिन्न निकायबाट संकलन, खरीद, ढुवानी, चिरानी, डिपो संचालन, बिकि बितरण, नर्सरी मरम्मत संभार, नया बिरुवा उत्पादन, थप क्षेत्रमा बृक्षारोपण, फलफुलको बिरुवा खरीद तथा बितरण, लगायत बिभिन्न प्रकारका बिकास निर्माण कार्य संचालन गरिने छ ।

जिल्ला बन पैदाबार आपूर्ति समितिको लागि आवश्यक पर्ने भबन हाल निर्माण भएको जिल्ला बनकार्यालय भबनको माथि तल्ला थप निर्माण गर्ने, पुरानो भबनको मरम्मत संभार, जिल्ला बन अधिकृत तथा सहायक बन अधिकृतको निबास भबनको मरम्मत संभार, नया सबारी साधन खरीद, प्रचार प्रसार, अनुगमन निरिक्षण लगायत समितिको कामकाज, डिपो सुरक्षा, डिपो कर्मचारीको पारिश्रमिक लगायतको सबै कामकाजको लागि यस आ.ब.मा तपसिलका रकम खर्च हुने अनुमान गरिएको छ ।

### तालिका - १९

## कार्यक्रम खर्चको अनुमान

| सि.नं | कामको विवरण | परिमाण | आ.व.७०।७१ | आ.व.७१।७२ | आ.व.७२।७३ |
|---|---|---|---|---|---|
| १. | नर्सरी मर्मत संभार | १ गोटा | - | ५००००।- | ५०,०००।- |
| २. क | विरुवा उत्पादन हजार | ५०,००० | ३५८२५०।- | ४०००००।- | ४,००,०००।- |
| २. ख | फलफुल बिरुवा खरीद | ४००० | | | ४,००,०००।- |
| ३. | वृक्षारोपन तारवार सहित | १० हे. | ६०५८२५।- | ६,००,०००।- | ६,००,०००।- |
| ४. | जि.व.का.को भवनको तल्ला थप | १ तल्ला | - | २०,००,०००।- | ३०,००,०००।- |
| ५. | जि.ब.का.भवनको बाँकी भुक्तानी दिनुपर्ने | १ | ८४८९३५.७३ | ३२५००००।- | १,५७,०००।० |
| ६. | सम्पर्क कार्यालय अधुरो भवन कलैया | १ गोटा | ३३२२७३।- | ५,७०,२३५।० | १५,००,०००।- |
| ७. | पुरानो भवन मर्मत (जि.व.अ.निबास) | २ गोटा | ० | ० | ५,००,०००।- |
| ८. | फुसको घर पुर्ननिर्माण | १ गोटा | ० | ० | २,५०,०००।- |
| ९. | गोलघर पुर्ननिर्माण | १ गोटा | ० | ० | ५०,०००।- |
| १०. | सबारी साधन (टयाक्टर) खरीद | १ गोटा | ३०४२१९३।- | ० | १२,००,०००।- |
| ११. | मोटर साईकल खरिद | १ गोटा | ० | २,५०,०००।- | २,००,०००।- |
| १२. | डिपो निर्माण (तारबार र टहरो) | ३ गोटा | ३०००००।- | | ९,००,०००।- |
| १३. | जि.व.का.को पूरानो भवन मरम्मत | | | | ५,००,०००।० |
| १४. | मोटर साईकलको संभार नामसारी | ७ गोटा | | | ३,५०,०००।० |
| १५. | फर्निचर खरीद तथा ऱ्याक तयारी | १ सेट | १९१३५०।- | २,००,०००।- | २,००,०००।- |
| १६. | काँटा तथा ढक खरीद | १ सेट | | | ५०,०००।० |
| १७. | ब्याट्री तथा ईर्न्भटर खरीद | १ सेट | | | ७०,०००।० |
| १८. | आपूर्ति समिति सम्बन्धी सूचना प्रवाह | १ बर्ष | | | ५०,०००।- |
| १९. | समुह, समितिहरु संग अर्न्तकृया गोष्ठि | २ गोटा | | | ६०,०००।- |
| २०. | फिल्ड अनुगमन | १ बर्ष | ५००००।० | ५००००।० | १,००,०००।- |
| २१. | प्रगति बिवरण पुस्तिका छपाई | ३००प्रति | | | ४५,०००।- |
| | | | **४७०४२५१.८०** | **६७,००,०००।-** | **१,०५,३२,०००।-** |

## ३५. उत्पादन खर्चको अनुमानित बिवरण

### तालिका - २०

## उत्पादन खर्चको अनुमान

| सि.नं. | विवरण | ७०।७१ को खर्च | ७१।७२ को निकासा | ७२।०७३ को प्रस्ताव |
|---|---|---|---|---|
| क | काठ तथा दाउराको रोयाल्टी, संकलन खर्च, ढुवानी, चिरानी तथा सुरक्षा खर्च चौकिदार आवश्यकता अनुसार । | १,५१,२९,२८९.८५ | ६,८५,०००००।- | **५,७४,१७,६३८।०** |
| ख. | नेहाल स:मिलको भुक्तानी दिन बाँकी | - | - | **१४,९७,३७६।०** |
| ग. | सा.बनलाई भुक्तानी दिन बाँकी रकम | | | **२९,५८,१३०।०** |
| जम्मा | | **१६०९३३६४.८५** | **७३१५००००।-** | **६,१८,७३,१४४।०** |

यस आ.ब. २०७२।०७३ मा प्रस्ताबित ७०,००० घ.फि. काठ तथा ६३ चटा दाउराको संकलन तथा बिक्रि बितरण गर्ने कार्य सम्पादन गर्दा काठको राजश्ब, संकलन खर्च, ढुवानी, सुरक्षा खर्च, चिरानी आदि लगायत उत्पादन खर्चमा तालिका २० अनुसार रु **५,७४,१७,६३८।०** रकम खर्च लाग्नेछ । गत आ.ब.मा काठ चिरान कार्यको लागि करारनामा भएको नेहाल स:मिल जीतपुर बाराले समयमा चिरानी गर्ने कार्य सम्पन्न नगरेकोले १ महिनाको म्यादथप भई श्रावण मसान्तसम्म चिरान गरेकोले सो समिलले पाउने रकम आषाढ मसान्त भित्रमा भुक्तानी नभएकोले भुक्तानी दिन बाँकी रु **१४,९७,३७६।०** तथा सामुदायिक बनको भुक्तानी दिन बाँकी रु २९,५८,१३०।० समेत जम्मा रु ६,१८,७३,१४४।० खर्च लाग्नेछ ।

**नोटः-** उपरोक्त सि.न. १ को विस्तृत विवरण बुंदा नं.३०. मा प्रष्ट गरिएको छ ।

## ३६. कुल ब्ययको अनुमान

| | | |
|---|---|---|
| **क. काठ दाउराको उत्पादन खर्च** | **रु** | **६,१८,७३,१४४।०** |
| **ख. प्रशासनिक खर्च (तलव समेत) रु.** | | **१७,४९,६००।-** |
| **ग. पुँजीगत खर्च (कार्यकमं)** | **रु.** | **१,०५,३२,०००।-** |
| **कुल खर्च** | **रु.** | **७,४१,५४,७४४।-** |

## ३७. आषाढ मसान्तको बैक स्टेटमेन्ट

यस समितिको एभरेष्ट बैक सिमरामा रहेको बैक खाता नं ००७००१०५०००२९६ को बैक स्टेटमेन्ट अनुसार गत आ.ब.को अन्त सम्म समितिको खातामा रु **५३,१६,९२४।४६** बाँकी रहेको देखिन्छ ।

## ३८. खुद नाफाको अनुमान

यस समितिबाट चालु आ.ब.२०७२।०७३ मा उपरोक्त प्रस्ताब बमोजिमको राष्टीय बनबाट ५०,००० घन फिट काठ, साझेदारी तथा सामुदायिक बनबाट २०,०००.० घन फिट काठ तथा ६३ चटा दाउरा समेत ७०,००० घन फिट गोलिया काठ तथा ६३ चटा दाउरा जिल्ला वन कार्यालय बारा मार्फत उपलब्ध भएमा सो गोलिया काठ दाउरा र डिपोमा हाल मौज्दात चिरान काठ ७,६४४.८ घन फिट तथा अनसाईज र बाकल दाउरा समेतको तोकिएको दररेटमा बिक्रि बितरणको कार्य सम्पादन भए पछि निम्न आय हुनेछ ।

- **काठ दाउराको विक्रि बितरणबाट समितिलाई जम्मा रु. ११,२९,४८,२६६।- आम्दनी हुनेछ ।**
- **गत आ.ब.को आयबाट एभरेष्ट बैक सिमरामा रु ५३,१६,९२४।४६ बाँकी रहेकोछ ।**
- **सो रकम समेत गरी समितिको जम्मा आय रु ११,८२,६५,१९०।४६ हुनेछ ।**
- **उपरोक्त कुल आय रु. ११,८२,६५,१९०।४६ मध्ये यस आ.ब.मा उत्पादन खर्चमा रु. ६,१८,७३,१४४।० , प्रसाशनिक खर्चमा रु १७,४९,६००।-, तथा पुँजीगत खर्चमा (कार्यकमं) रु.१,०५,३२,०००।- समेत कुल जम्मा रु. ७,४१,५४,७४४।- खर्च हुने अनुमान गरिएको छ ।**
- **उपरोक्त सबै खर्च कटौती गर्दा कुल बचत रु ४,४१,१०,४४६।४६ हुने अनुमान गरिन्छ ।**
- **तर प्रस्ताबित कार्य योजना बमोजिमको काठ दाउरा जिल्ला बन कार्यालय लगायतका अन्य निकायबाट प्राप्त हुन नसकेमा उपरोक्त आयको लक्ष्य प्राप्त गर्न सकिने छैन ।**

# ३९. कार्यक्रमको औचित्य र पुष्टयाई

## (क) काठ दाउराको उत्पादन तथा विक्रि

जिल्ला वन पैदावार आपूर्ति समितिवाट काठ दाउराको उत्पादन तथा विक्रि वितरणगर्ने कार्य विगत आ.व.हरुमा काठ दाउरा विक्रि वितरण भएको अवस्थालाई हेर्दा काठ दाउराको माँगको चाप दिनानुदिन अत्यधिक बढदैं गएको देखिन्छ तर यस जिल्लाको लगभग १६००० हेक्टर बनजंगल पर्सा बन्यजन्तु आरक्षमा गाभिएकोले आपूर्तिको लागि आगामि दिनमा काठ दाउराको श्रोत साडघुरीदै जानेछ । टि.सि.एन लगायत जिल्लाको वजार मूल्य संग यस समितिको काठ दाउराको दरलाई समायोजन नगर्ने हो भन्ने काठ दाउराको माँगको भार लाई थेग्न सकिने अवस्था छैन् । एकातर्फ काठ दाउराको मूल्य निर्धारण प्रचलित वजार भाउ संग मेल खानेगरी मूल्य गर्नुपर्ने वेला आएकोछ भन्ने अको तर्फ विगत आ.व.झैं जनतालाई चिरान काठनै उपल्वध गराउँदा काठ चिरानीको प्रकृया बोझिलो, खर्चिलो, वढी समय तथा लागत लाग्ने भए पनि ज्यादा नाफामूलक र जनतालाई आवश्यकता अनुसारको परिमाणमा उपलब्ध गराउन सकिने हुदाँ चालू आ.व.मा चिरानी काठलाई विक्रि वितरणको निरन्तरता दिनुको साथसाथै घरकाज, विकास निर्माण, कृषि औजार, र दैवी प्रककोप प्रयोजनको लागी सामुदायिक वन, साझेदारी वन, लगायत राष्ट्रिय वनवाट प्राप्त गोलिया काठ समेत आवश्यकता र औचित्य हेरी उपलब्ध गराउन सक्निेछ । साथै गत विगतमा जिम्मेवारी सर्दै आएका विभिन्न घाटगद्धीमा रहेका काठहरुको हैसियत खराब रहेकोले सो काठ विक्रि डिपोमा ढुवानी र घाटगद्धी गरी सो गोलिया काठनै विक्रि वितरण गरिनेछ । विक्रि वितरण हुन नसकेका काठ नियमानुसार लिलाम गरी समितिको आयमा बढोतरी गरिनेछ ।

- चालू आ.व. ०७२।७३ मा घरकाज, विकास निर्माण, दैवीप्रकोप प्रयोजनका लागी राष्ट्रिय वनवाट ५०,०००.० क्यू.फि. र सामु.वन, साझेदारी वनवाट २०,०००.० क्यू.फि. समेत गरी ७०,०००.० क्यू.फि. गोलिया काठ प्राप्त भई रु. **५,७४,१७,६३८।०** लागत खर्चको सामान्य अनुमान गरिएको छ ।
- सो मध्ये ४०,०००.० क्यू.फि. गोलिया काठलाई नियमानुसार प्रतिस्पर्धा गराई सबैभन्दा कम दरमा चिरान गर्ने समिलमा नियमानुसार चिरान गराई सोबाट उत्पादन हुने २३,०००.० क्यू.फि. चिरानी काठ, ३१००.० क्वी. अनसाईज चिरान, १७३६.० क्वी. बाकल दाउरा, १६५०.० क्वी. भुसलाई उपरोक्त दरमा बिक्रि बितरण गरी समितिको आमा बढोतरी गरिने छ ।
- सामुदायिक वन, साझेदारी वनवाट प्राप्त हुने २०,०००.० क्यू.फि. गोलिया काठ समेतको यस समिति मार्फत विक्रि वितरण गरीनेछ । लगभग १०००० क्यू.फि. गोलिया काठ दैबी प्रकोप तथा बिकास निर्माण कार्यमा उपलब्ध गराईनेछ ।
- आ.व. ०७१।७२ मा डिपोमा बाँकी मौज्दात (साल तथा अन्यजात) ८,२९४.८० क्यू.फि. चिरान काठ, अनसाईज २००.७५ क्वीन्टल, बाकल ७७२.३२ क्वीन्टल समेत गरी यस आ.ब.मा जम्मा ३१,२९४.८० क्यू.फि. चिरान काठको कारोबार बोर्ड बैठकको निर्णयानुसार गर्न सकिने छ । बर्षभरिको सबै कारोबारबाट जम्मा रु ११,८२,६५,१९०।४६ आम्दनी हुने अनुमान गरिएको छ ।
- उपरोक्त कुलआय रु. ११,८२,६५,१९०।४६ मध्ये उत्पादन खर्चमा रु. ६,१८,७३,१४४।० , प्रसाशनिक खर्चमा रु १७,४९,६००।-, तथा पुँजीगत खर्चमा रु.१,०५,३२,०००।- समेत जम्मा रु. ७,४१,५४,७४४।- खर्च हुने र रु ४,४१,१०,४४६।४६ बचत हुने अनुमान गरिएको छ ।

● प्रस्तावित रकमवाट घाटगद्धी र विक्रि डिपोमा आवश्यकता अनुसार चौकिदार, पालेको व्यवस्था गरी सोको पारिश्रमिक लगायतका अन्य अतिआवश्यक खर्च सोहि रकमको कन्टनजेन्सीवाट भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ । आ.व.०७२।७३ को प्रस्तावित काठ दाउरा विक्रि तथा आम्दनी रकमको विस्तृत विवरण तालिका नं. १४ मा उल्लेख गरिएको छ ।

## (ख) नर्सरी मर्मत संभार

विगत आ.व.देखि आपूर्ति समितिको स्वीकृत बजेटवाट वसतपुर वन नर्सरीमा विरुवा उत्पादन र वितरणको कार्य हुदैं आएको छ । उक्त नर्सरीबाट उत्पादित बिभिन्न जातका विरुवा स्थानीय नजिकका बिभिन्न गा.वि.स.का किसानलाई वितरण गरिन्छ । चालू आ.व.मा वनदशक कार्यक्रम, जि.व.का.द्धारा गरिने वृक्षरोपन कार्यक्रममा विरुवा वितरणको कार्य सम्पन्न भएकोले निजि वनको प्रचार प्रसार लगायत लक्ष्य अनुसारको वृक्षारोपन कार्यमा सहयोग पुगेको हुदां नर्सरी मर्मत गर्न रु. ५०,०००।० प्रस्ताव गरिएको छ ।

## (ग). विरुवा उत्पादन र खरीद

जिल्लाको दक्षिणी भेगमा बिरुवा अत्यधिक माँग रहेकोले वन पैदावार आपूर्ति समिति मार्फत विगत आ.व.देखिनै विरुवा उत्पादन तथा वितरणगर्ने कार्यगर्दै आएकोमा सोको निरन्तरता चालू आ.व.मा पनि हुनेछ । आपूर्ति समिति मार्फत उत्पादन भएको विरुवा पाएकपर्ने स्थानीय जनता र संस्थाहरुमा वितरणहुने हुदां स्थानीय सर्वसाधारणले आफनो निजीजग्गा, बारी, कान्लामा काठ दाउरा तथा फलफुलको विरुवा रोपी हुर्काउन उत्प्रेरित हुने छन । उक्त कार्यको लागि रु. ८,००,०००।० प्रस्ताब गरिएको छ ।

## (घ) वृक्षारोपन

यस समितिवाट उत्पादन भएका विरुवाहरु मध्येवाट नदि उकाश जगा, अतिक्रमण भएको क्षेत्रलाई प्राथमिकता दिई १० हेक्टरमा क्षेत्र छनौटगरी बिभिन्न प्रजातिका विरुवा तारबार सहित वृक्षारोपन गर्न रु. ६,००,०००।० प्रस्ताव गरिएको छ ।

## (ङ) जि.ब.का.भवनको तल्ला थप

जिल्ला वन कार्यालय सिमराको कार्यालय भवन अति जिर्ण भई दैनिक कामकान गर्न कठिनाई भएकोले २ तल्ले भबनको लागि गत आ.व.०७०।७१ मा नया भबनको निर्माण कार्य शुरुभई आ.व. ०७१।७२ मा आपूर्ति समितिको विनियोजित रकमवाट कार्यालयको परिसर भित्र ६ कोठाको १ तल्ले पक्की भवनको निर्माण तथा फिनिशिङको कार्य सम्पन्न भई सो भवनवाट जिल्ला वन कार्यालयको दैनिक कार्य प्रारम्भ भई सकेको छ । उक्त भवनको माथिल्लो तल्ला थपगर्न बाँकी रहेकोले उक्त अधुरो भवनको तल्ला थपको लागी रु. ३०,००,०००।- बजेट प्रस्ताव गरिएको छ । सो भबनको तल्ला थप भएमा आपूर्ति समितिको कार्यालय, स्टोर फाँट, मुद्दा फांट लगायतको कार्य संचालन गर्न सरल तथा सुलभ हुनेछ । साथै उक्त भवनको गत आ.व.को बक्यौता रकम रु. १,५७,०००।० समेत यस आ.व.मा भुक्तानी हुने गरी प्रस्ताव गरिएको छ ।

## (च) सम्पर्क कार्यालयको अधुरो भवन निर्माण

आपूर्ति समितिको रकमवाट सदरमुकाम कलैया न.पा.मा सम्पर्क कार्यालय निर्माणगर्न कलैया वन नर्सरी कम्पाउण्ड भित्र भवन निर्माण गर्न गत आ.व.मा रु. २०,००,०००।- बजेट स्वीकृत भएकोमा गत आ.व.को आषाढ मसान्त भित्र उक्त भवनको निर्माण कार्य सम्पन्न हुन नसकि भबन अधुरो रहेको तथा सो को निर्माण कार्य सम्पन्न भएपछि दक्षिणि भेगका जनतालाई सर्बसुलभ तवरवाट काठ दाउरा विक्रि वितरण गर्न थप टेवा पुग्नेछ । सम्पर्क कार्यालय भबन कलैयामा निर्माण भएमा आपूर्ति समितिको कार्यालय स्थापना हुने र सोही भवनवाट संचालित हुने भई वर्षेनी जिल्ला वन कार्यालयले तिर्नुपर्ने भाडा बचत हुने हुदां उक्त भवनको निर्माण कार्य सम्पन्नगर्न आवश्यक भएकोले सोकार्यका लागी रु.१५,००,०००।-प्रस्ताव गरिएकोछ ।

## (छ) आवास तथा कार्यालय भवन मर्मत संभार

जिल्ला वन कार्यालयको साविकमा ३०।३५ बर्ष पुरानो तराई सामुदायिक वन विकास आयोजनाले बनाएको कार्यालय भवन, आबाश भवन, तथा स.ब.अ. निबास भबन, २०७२ बैशाखाको भुकम्पबाट क्षतिग्रस्त भएकोले सो घरहरुको मर्मत संभार गर्न अति आवश्यक देखिएको तथा मरम्मत नगरी बस्न कठिनाई भएकोले सोकार्यालय भवन मरम्मत संभार कार्यको लागी कम्तिमा आवश्यक पर्ने रु. ५,००,०००।- बजेट प्रस्ताव गरिएको छ । साथै जि.व.अ. अबासको मर्मत र स.व.अ. अबासको मर्मत संभार गर्न समेत रु. ५,००,०००।० प्रस्ताव गरिएको छ ।

## (ज) फुसको घरको मरम्मत संभार

कार्यालयको प्राङ्गन भित्र रहेको विक्रि डिपोको लागि प्रयोग भएको फुसको छानो भएको घर जिर्ण भई वर्षातको समयमा पानी चुहिने, घरको वरिपरी रहेको खाडल, झार बुट्यानको कारणले सर्प, विच्छि लाग्ने भई वस्न नसक्ने  अवस्था रहेकोले मरम्मत संभार गर्न रु.२,५०,०००।- बजेट प्रस्ताव गरिएको छ ।

## (झ) गोलघरको मरम्मत संभार

जिल्ला बन कार्यालयको प्राङ्गनमा विक्रि डिपो नजिक रहेको पुरानो गोलघर भत्काई नयाँ निर्माण भएमा विक्रि डिपो, सुरक्षाको कर्मचारी लगायत अन्य सेबाग्राही लाई बस्न सुविधा उपलव्ध हुने, सरकारी सम्पतिको सुरक्षा हुने भएकोले सो गोलघर मरम्मत संभारको लागि रु ५०,०००।० प्रस्ताब गरिएको छ ।

## (ञ) डिपो तथा टहरा निर्माण

यस समितिको सिमरा डिपो तथा सेक्टरको पथलैया विक्रि डिपो संचालन भई विक्रि वितरणको कार्य थालनि गरिएकोमा काठ दाउराको सुरक्षा व्यवस्था मिलाउन डिपो भित्र तारबार घेरावेरा गर्न तथा गोलिया काठहरु रहेको पसाहा, तामागढी, तथा मधुबन डिपोमा चौकिदार वस्ने टहरा वनाउन आवश्यक भएकोले तारबार तथा डिपो निर्माणको लागि रु ९,००,०००।-प्रस्ताव गरिएको छ ।

## (ट) सवारी साधन खरिद

आपूर्ति समितिको दैनिक कार्य संचालन जस्तै बैंकमा रकम जम्मा गर्न कलैया जानुपर्ने, गोलिया काठहरुको विमार्का गर्न फिल्ड जान तथा विक्रि वितिरण गरिएको काठ दाउराको सहि ठाउँमा सदुपयोग भयो वा भएन सोको अनुगमन समेत गर्न छिटो छरितो सबै गाउँमा जानसक्ने सवारी साधनको रुपमा मोटर साईकलको आवश्यकता महसुस गरीएकोमा गत आ.ब.मा पनि माँग गरेको तर स्वीकृति नभएकोले सोको लागी यस आ.ब.मा रु.२,००,०००।-तथा टयाक्टर नभएको कारण छापामारी गर्न कठिनाई भइ रहेकोले टयाक्टर खरीद गर्न रु १२००००० ।- समेत जम्मा १४००००० ।- प्रस्ताव गरिएको छ ।

## (ठ) सवारी साधन मर्मत संभार

जिल्ला वन कार्यालयको मातहतमा थन्केर रहेको वन टन मिनि ट्रक यस समितिलाई हस्तानान्तरण गरिएकोले सो गाडी मर्मत संभार भएको खण्डमा अपरझट थप जनशक्ति परिचालन तथा वरामदी काठ ढुवानी गर्न तथा  ७ वटा पूरानो मोटर साईकल समेतको मरम्मत गराई आफनै श्रोत साधन बृद्धि हुने हुदां सो गाडी, समितिको टाटा सुमो जीप तथा मोटर साईकल समेतको मर्मतको लागी रु. ३,५०,०००।- प्रस्ताव गरिएको छ ।

## (ड) फर्निचर खरिद

यस आपूर्ति समितिको लागी नयाँ भबन निर्माण भएपछि आवश्यक पर्ने टेबुल, कुर्सी, दराज, सोफा लगायतका भौतिक मालसामान तथा फिल्डको डिपोको लागि आवश्यकपर्ने फर्निचर खरिदको लागी रु. २,००,०००।- प्रस्ताव गरिएको छ ।

## (ढ) अन्य मालसामान खरीद

आपूर्ति समितिमा रहेको काँटा तथा ढक पुरानो भई काम नलाग्ने भएकोले नया काँटा तथा ढक १ सेट खरीद गर्न तथा बिधुत नरहेको बेलामा लाईन बिना सबै काम बन्द हुने भएकाले ब्याकअपको लागि ब्याट्री तथा ईर्न्भटर नया १ सेट खरीद गर्न रु १,३०,००० प्रस्ताब गरिएको छ ।

## (ण) प्रचार प्रसार गोष्ठि तथा पुस्तिका छपाई

यस समितिको काम काजमा प्रभाबकारिता ल्याउन बिज्ञापन, एफ एम, रेडियो, बार्षिक प्रगति बिवरण पुस्तिका छपाई, समुह तथा सरोकारबालाह्रु संग अर्न्तकृया तथा बार्षिक प्रगति विवरण समेतको लागि यस आ.ब.मा रु.२,५५,०००।० प्रस्ताब गरिएको छ ।

## (त) अनुगमन तथा पृष्ठपोषण

यस समितिबाट उपरोक्त वमोजिमको सिफारिसको आधारमा काठ दाउरा उपल्वध गराउन हुने फिल्ड निरिक्षण तथा काठ दाउराको सही उपयोग भए नभएको वारेमा स्थलगत रुपमा बोर्ड बैठकको निर्णयानुसार आपूर्ति समितिको सदस्यहरु रहेको अनुगमन टोलिवाट समय समयमा बितरण कार्यको गरिने अनुगमन कार्यको लागी खटिने समिति सदस्यहरुलाई दैनिक भत्ता, खाजा तथा ईन्धनको सुविधा दिन रु. १,००,०००।० बजेट प्रस्ताव गरिएको छ ।

## (थ) सामुदायिक बनको बक्यौता रकम

यस समितिले गत आ.बमा बिभिन्न सामुदायिक बनबाट खरीद गरेको काठ दाउरा मध्ये केहि सामुदायिक बनको रकम हालसम्म पनि समितिको खातामा दाखिला गर्न नसकिएकोले सो बाँकी बक्यौता दफा ३५ को विवरण अनुसारको रकम रु.२९,५८,१३०।० समितिको खातामा दाखिला गरिने छ ।

## (द) डिपो सुरक्षा खर्च

आपूर्ति समितिमा काजमा खटिने स्थायी कर्मचारीहरुले जिल्ला वन कार्यालयले तोकेको कामको साथ साथै आपूर्ति समितिको कामकाज समेत गर्नुपर्ने भएकाले साँझ विहान समेत खटनुपर्ने अवस्था रहेकोछ । सशस्त्र बन सुरक्षा तर्फका कर्मचारीहरुले डिपोमा रहेको काठ दाउराको सुरक्ष व्यवस्थामा रातिको समयमा समेत प्रत्यक्ष संलग्न रही बिकि डिपोको सुरक्षामा मद्वत (Backup) दिई रहेको तथा सधै दिनुपर्ने अवस्था भएकोले आपूर्ति समितिको चिरान डिपोमा खटिने सशस्त्र बन सुरक्षा टोलीलाई सुरक्षा व्यवस्था मिलाउन, सवारी साधनमा काठ लोड गराउन, चेकजाँच गर्न, दरपिठ गरी पठाउन समेतको कामकाजको लागी राहत स्वरुप प्रति जवान मासिक रु.१,०००।० प्रति का दरले थप सुविधाको व्यवस्था गरिने छ । विक्रि डिपो तथा काठ घाटगद्धी लगायत कार्यालयको प्रशासनिक काम कारवाही सुचारु रुपले संचालनगर्न आवश्यक कर्मचारीहरु करारमा लिईनेछ । प्रशासनिक कार्यहरु आ.व. सुरुवात वाट नै कार्यान्बयन हुनेछ । कार्यबोझको कारण जनशक्तिको अभाव भएमा जिल्ला वन कार्यालय बारा संग आपसी समन्वयगरी थप जनशक्तिको व्यवस्था मिलाईने छ ।

## (ध) विविध

यस कार्य योजनाको विभिन्न दफाहरुमा उल्लेख भएका क्षेत्रहरुबाट काठ दाउरा खरीद गरी समिति मार्फत सहज रुपमा विक्रि वितरण गरिनेछ । उक्त बिक्रि भएका काठ दाउराको सदुपयोग सही तवरवाट हुने बिश्वास गरिएको छ । यसवाट प्राप्त हुने खुद आम्दनीवाट कार्य योजनामा प्रस्ताव गरिएका बिभिन्न कार्यक्रमहरु सहज रुपमा पुराहुने आशा लिइएको छ । यो कार्ययोजना जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्य योजनाको परिधि भित्र रहि तयार गरिएको छ । उक्त प्रस्तावित कार्यक्रमहरु पुरा गर्न नेपाल सरकार माथि कुनै पनि थप आर्थिक दायित्व नपर्ने र राज्य लाई कूनै व्ययभार नपर्ने देखिएको साथै यसमा प्रस्ताबित सबै रकम आपूर्ति समितिले आर्जनगर्ने नाफाबाट संचालन गरिने हुदाँ कार्ययोजना तथा बजेट कार्यक्रम स्वीकृतिको लागी आपूर्ति समितिको बोर्ड बैठकको सिफारीश अनुसार पेश गरिएको छ ।

## ४०. गत आ.ब.०७१।७२ को आयब्यय

गत आ.ब. २०७१।०७२ मा प्रस्ताबित ७५,००० घ.फि. काठ तथा १०० चटा दाउराको संकलन चिरान तथा बिकि बितरण गर्ने कार्य योजना तयारगरी बन बिभागबाट स्वीकृत गराई कामकाज गरिएकोमा सो कार्य योजनाको तपसिलको कृयाकलापहरुमा देहाय बमोजिम खर्च भएको छ ।

तालिका २१

आ.ब.०७१।७२ को आयब्यय बिवरण

| सि.न. | कामको बिवरण | ईकाई | परिमाण | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठ २९००० तथा दाउरा ८२.२५ चटाको उत्पादन संकलन चिरान खर्च राजश्व, समेत | क्यु.फि | ७५,०००.०० | ६,८५,००,०००।० | २,४४,२२,६५०।५६ | |
| २ | नर्सरी मरम्मत संभार | गोटा | १ | ५०,०००।० | ५०,०००।० | |
| ३ | बिरुवा उत्पादन | गोटा | ५०,००० | ४,००,०००।० | ४,००,०००।० | |
| ४ | बृक्षारोपण तारबार सहित | हेक्टर | | ७,००,०००।० | ७,००,०००।० | |
| ५ | अधुरो भबन निर्माण सिमरा | संख्या | १ | ३२,५०,०००।० | ३२,५०,०००।० | |
| ६ | सेक्टर भबन सेनेटरी तथा बिधुत जडान | संख्या | १ | ५,००,०००।० | ४,९६,३५०।० | |
| ७ | सम्पर्क कार्यालय भबन निर्माण कलैया | संख्या | १ | २०,००,०००।० | ७,१८,३८३।० | |
| ८ | फर्निचर | आ.अ. | आ.अ. | २,००,०००।० | २,००,०००।० | |

## ४१. गत आ.ब.०७१।७२ को खर्चको फाँटबारी

गत आ.ब. २०७१।०७२ मा यस समितिको लागि बन बिभागबाट तपसिल बमोजिमको प्रसाशनिक बजेट स्वीकृत गरिएकोमा सो मध्ये देहाय बमोजिमको रकम खर्च भएको छ ।

तालिका २२

**आ.ब.०७१।७२ को खर्चको फाँटबारी**

| सि.न. | बजेट शिर्षक | बिवरण | बिनियोजित रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | २११११ | तलब | ३,२१,०००।० | ३,२१,०००।० | |
| २ | २१११९ | भता (बैठक भता समेत) | ४,५६०००।० | ४,५६०००।० | |
| ३. | २२१११ | पानि तथा विजुली महसुल | ३०,०००।० | ३०,०००।० | |
| ४ | २२११२ | सञ्चार महसुल | २५,०००।० | २५,०००।० | |
| ५ | २२२११ | ईन्धन | १,७५,०००।० | १,७५,०००।० | |
| ६ | २२२१२ | संचालन तथा मर्मत | ५०,०००।० | ५०,०००।० | |
| ७ | २२३११ | कार्यालय सम्बनधी खर्च | ८५,०००।० | ८५,०००।० | |
| ८ | २२६११ | अनुगमन तथा मूलयांकन | ५०,०००।० | ५०,०००।० | |
| ९ | २२७११ | विविध | २५,०००।० | २५,०००।० | |
| | जम्मा | | **१२,१७,०००।०** | **१२,१७,०००।०** | |

## ४२. चिरानी कार्यको लागत इष्टिमेट (Cost Estimate)

बारा जिल्ला भरीका विभिन्न काठका घाटगद्धी तथा डिपोहरुवाट गोलिया काठ स:मिल संग ढुवानी र चिरान गरी यस समितिको विक्रि डिपो सिमरा तथा पथलैया सम्म (करिब १५-२० कि.मि.) सम्म ढुवानी र पायलिङ गर्ने कार्यको लागत खर्च देहाय बमोजिम हुनेछ ।

तालिका २३

**चिरानी कार्यको लागत इष्टिमेट**

| सि.नं | कामको विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मिल सिपमेन्टको लागी गोलिया काठ लोडिङ्ग | प्रति क्यू.फि. | २०।० | |
| २. | मिल सिपमेन्ट (बारा जिल्ला भरीवाट स:मिल सम्म गोलिया ढुवानी ) | प्रति क्यू.फि. | ३५।० | |
| ३. | मिल सिपमेन्टको लागी गोलया काठ अनलोडिङ्ग | प्रति क्यू.फि. | ८।० | |
| ४. | १०० मिटर टाढावाट गोलिया चिरान स्थान सम्म बेल्ने/बोक्ने काम | प्रति क्यू.फि. | ४।० | |
| ५. | चिरान, स्ट्रिप, काठ उत्पादन र भुस संकलन | प्रति क्यू.फि. | ५०।० | |
| ६. | चिरान, स्ट्रिप काठ लोडिङ्ग | प्रति क्यू.फि. | ९।५० | |
| ७. | चिरान, स्ट्रिप काठ अनलोडिङ्ग | प्रति क्यू.फि. | ५।० | |
| ८. | बाकल लोडिङ्ग | प्रति क्यू.फि. | २।० | |
| ९. | बाकल अनलोडिङ्ग | प्रति क्यू.फि. | १।० | |
| १०. | चिरान/स्ट्रिप काठ ढुवानी | प्रति क्यू.फि. | ३२।० | |
| ११. | बाकल ढुवानी | प्रति क्यू.फि. | १०।० | |
| १२. | चिरान/स्ट्रिप काठ पायलिङ | प्रति क्यू.फि. | ५।० | |
| **जम्मा** | | | **१८१।५०** | |

१. उपरोक्त वमोजिमको गोलिया काठ घाटगद्धीवाट स:मिल सम्म ढुवानी, चिरानी, चिरान काठ विक्रि डिपो सम्म ढुवानी र पायलिङको दररेट गत आ.व. २०७१।०७२ मा स्वीकृत भएको दररेटमा सरदर १०-१५ प्रतिशत वृद्धि गरी कायम गरिएको छ । चालू आ.व.को दररेट पारित हुन बाँकी रहेकोले नियमानुसार पारित भएको दररेट लागु गरिने छ ।

२. बाकल १.० क्यू.फि.(दाउरा)= ३०.० किलोग्राम तौल हुने र चिरानवाट २५ प्रतिशत बाकल उत्पादन हुने अनुमान गरी प्रति क्वीण्टल स्वीकृत दरवाट हिसाब गरी गोलिया काठको प्रति क्यू.फि.वाट उत्पादन हुने बाकलको दर निकालिने छ ।

३. चिरान काठ, स्ट्रिप काठ र बाकलको ढुवानी, लोडिङ्ग, अनलोडिङ्गको हकमा गोलिया काठ चिरान गर्दा चिरान काठ ६०%, स्ट्रिप काठ १० प्रतिशत, बाकल (दाउरा) २५ प्रतिशत, चिरान धुलो (भुस) ३ प्रतिशत उत्पादन हुने र २ प्रतिशत जर्ती जाने अनुमान गरी गोलिया काठ ढुवानीको दररेटवाट सोहि अनुपातमा हिसाब गरी गोलिया काठको प्रति क्यू.फि.बाट उत्पादन हुने (चिरान+स्ट्रिप) काठ र बाकल (दाउरा) ढुवानी दर निकालिने छ ।

## ४३. जिल्लामा रहेको सेक्टर तथा ईलाका बन कार्यालयहरु



४४. जिल्ला बन समन्बय समितिमा छलफलको दृश्य



चिरान डिपोमा रहेको काठको अवस्था (१)



## डिपोमा रहेको चिरान काठको अवस्था (२)



## डिपोमा रहेको बाकल दाउराको अवस्था

